प्रजातन्त्रका आधारभूत पक्षहरू
- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily .com

❖ वर्ष ३७ ❖ २०८० चैत ०७ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 20 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०१

## राप्रपाको आन्दोलन व्यवस्था परिवर्तनका लागि –अध्यक्ष लिङ्देन

प्रस, वीरगंज, ६ चैत/

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं सांसद राजेन्द्रप्रसाद लिङ्देनले यही चैत २७ गते सङ्घीयताको विरोधमा ठूलो लडाइँ लड्न लागेको बताएका छन्।



वीरगंजमा राप्रपाले मङ्गलवार बिपी उद्यानमा आयोजना गरेको आमसभामा अध्यक्ष लिङ्देनले चैत ५–७ तराईका जिल्लामा आमसभा गर्दै आन्दोलनको तयारीमा गरिएको र सो आन्दोलनमा तराईबाट पनि ठूलो सङ्ख्यामा प्रतिनिधित्व गराउने उद्देश्य रहेको बताए।

तराईवासीहरूले देशका सबैखाले परिवर्तनमा साथ दिँदै आएको र राप्रपाले शुरू गरेको व्यवस्था परिवर्तनको लडाइँमा पनि तराईवासीको साथ चाहेको बताए। उनले अहिलेको व्यवस्था असफल भएको दाबी गरे। राष्ट्रिय ऋणभार बढेको छ, प्रतिव्यक्ति रु ८४ हजार ऋणमा पुगिसकेका छौं, सङ्घीयताको नाममा दलका नेता, कार्यकर्ताहरू पालिने काम मात्र भएको छ, विकासका कामले गति लिन छाडेको उनले आरोप लगाए। सङ्घीयताबाट देश उँभो लाग्ने देखिन्न, राजाको पालामा बनेका उद्योगहरू बन्द भएका छन्, बेचिएका छन्, देशमा रोजगारको व्यवस्था छैन, युवाहरू विदेश पलायन हुँदैछन् त्यसैले नेता, कार्यकर्ता मात्र पोसिने व्यवस्थाविरुद्ध तराईका जनता जाग्नुपर्ने उनले बताए।

राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले मधेसी जनताको जीवनशैलीमा परिवर्तन नआएको तर मधेसी जनताको हकअधिकारको लागि भनेर कुर्लने नेताहरूको जीवनशैली मात्र फेरिएको बताए। उनले मधेसका जनता अहिले पनि शिक्षा, स्वास्थ्यजस्ता नैसर्गिक अधिकारबाट वञ्चित रहेको बताए। मधेसबाट अहिलेसम्म ६० जनाभन्दा बढी मन्त्री भए तर यहाँको विकास हुन सकेन भन्दै अहिले पनि मधेसमा सडक, सिंचाइ, मललगायतका समस्या विद्यमान रहेको उल्लेख गरे। उनले अरूको भनाइमा पर्नुको साटो यहाँको जनताले आगामी दिनमा आफ्नो स्वविवेकीय निर्णय लिनुपर्ने सुझाए। उनले देशको विकासको लागि मधेसको विकास जरुरी भएको तर्क गरे।

पार्टी प्रवक्ता एवं संसदीय दलका नेता ज्ञानेन्द्र कार्कीले अहिलेको सरकार मताधिकारबाट सिर्जित नभएको आरोप लगाए। ११ प्रतिशत मत पाएको तेस्रो दलले देश सञ्चालन गरिरहेको भन्दै वर्तमान सरकार तस्करीमा लिप्त रहेको र लुटतन्त्र मच्चाएको आरोप लगाए। उनले माओवादी केन्द्रलाई लक्षित गर्दै उसले पार्टीको नाम सुन पार्टी र झन्डा रातोको सट्टा पहेंलो बनाउनुपर्ने कटाक्ष गरे। माओवादी केन्द्रले जनयुद्धको समयमा देश र जनताको मुहार परिवर्तन गर्ने भन्दै कमान्डरको भूमिका निर्वाह गर्ने पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन पासाङका एकजना छोरा जेलमा, स्वकीय सचिव जमानतमा र स्वयम् पूर्वउपराष्ट्रपति आरोपमा परेका, सभामुख कृष्णबहादुर महराका छोरा जेलमा र स्वयम् उनी दुईपटक थुनामा परेका, अर्थमन्त्री वर्षमान पुन पनि सुनकाण्डमा आरोपित रहेको दोषारोपण लगाए। उनले राप्रपाले जननिर्वाचित प्रधानमन्त्री हुनुपर्ने माग यसै कारण गरेको बताए। जनताले चुन्ने प्रधानमन्त्री स्थायी हुन्छन्, राजनीतिक जोडघटाउको शिकार हुँदैनन्, बहुमतमा रहेर पनि विश्वासको मत लिनुपर्ने अवस्था हुन्न भन्दै जननिर्वाचित प्रधानमन्त्री अहिले देशको आवश्यकता भएको तर्क गरे। उनले ८१ प्रतिशत हिन्दू रहेको नेपाल हिन्दू राष्ट्र हुनैपर्ने तर्क गरे। हिन्दू राष्ट्रको लागि लड्दै आएको पर्सेली जनताले हिन्दुत्वको मुद्दा उठाएको राप्रपाका उम्मेदवारहरूलाई जिताएर पठाउने वातावरण निर्माण नहुनुमा राप्रपाका नेताहरूको पनि कमीकमजोरी रहेको आफूले बुझेको भन्दै राप्रपाका नेताहरूमा पनि सुधारको आवश्यकता देखिएको औंल्याए।

राप्रपा पर्साका अध्यक्ष सुमेश्वर उपाध्यायको अध्यक्षतामा भएको आमसभामा उपाध्यक्ष बुद्धिमान तामाङ, महामन्त्री धवलशम्शेर जबरा, केन्द्रीय सदस्य प्रह्लाद साह, तराई–मधेसका संयोजक रामप्रताप साह, कुमारी तामाङ, कञ्चन दीक्षा, मीना सुवेदी, सांसद बिणा जयसवाल, खुश्बु ओली, कमल खत्वा, अञ्जना शाह रावललगायतले मन्तव्य व्यक्त गरेका थिए।

## कोल्हवीमा पाटेबाघ मृत फेला

प्रस, निजगढ, ६ चैत/

कोल्हवी नगरपालिका–२ स्थित तामागढी साझेदारी वन व्यवस्थापन समितिको वनक्षेत्रभित्र मङ्गलवार मारिएको अवस्थामा पोथी पाटेबाघ फेला परेको छ।



मृत अवस्थामा फेला परेको पोथी पाटेबाघ। तस्वीरः प्रतीक

तामागढी साझेदारी वन व्यवस्थापन समिति र कोल्हवी सबडिभिजन वन कार्यालयदेखि करीब साढे तीन किलोमिटर उत्तर–पश्चिम वनक्षेत्रभित्र आज बिहान ८ बजे मृत अवस्थामा पाटेबाघ स्थानीयले देखेपछि वन कर्मचारीलाई खबर गरेका थिए। बाघको देब्रेतर्फको नाक र आँखा बीच भागको टाउकोमा गहिरो प्वाल जस्तो घाउ देखिएकोले गोली हानेको हुन सक्ने सुरक्षाकर्मीले आशङ्का गरेका छन्।



बाघको आक्रमणमा घाइते महिलाको उपचार हुँदै।

डिभिजन वन कार्यालय बाराका प्रवक्ता जवाहरलालप्रसाद कुर्मीले शल्यपरीक्षण प्रतिवेदनपछि मात्र यथार्थ कुरा प्रकाशमा आउने बताए। पर्सा राष्ट्रिय निकुञ्ज आधाभारका सहायक प्रमुख सन्तोष भगत, नेपाली सेनाको टोली, इलाका प्रहरी कार्यालय कोल्हवीका प्रहरी निरीक्षक भोलामान सिंह अधिकारी, सशस्त्र सुरक्षा बेस कोल्हवीका इन्चार्ज कृष्णाविक्रम बानियाँसहितको सुरक्षाकर्मी घटनास्थल पुगेका थिए।



पाटेबाघ मृत फेला परेको स्थानको निरीक्षण हुँदै।

संरक्षित वन्यजन्तु सूचीमा रहेको पोथी पाटेबाघ अन्दाजी चार वर्ष उमेर पुगेको हुन सक्ने निकुञ्ज कर्मचारीले बताए। शल्यपरीक्षणाका लागि बाघको आवश्यक अङ्ग निकाली विधि विज्ञान प्रयोगशाला काठमाडौं लगिएको छ।

गत फागुन २२ गते पनि अन्दाजी आठ वर्ष उमेरको पाटेबाघ निजगढ नगरपालिका–४ कछडिया टोलस्थित बकैया खोला पश्चिम नदीउकास वनक्षेत्रमा मृत अवस्थामा फेला परेको थियो।

यसैबीच, निजगढ नपा–११ स्थित तपोभूमि सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रभित्र ४० वर्षीया गोठाला दिलकुमारी मगरलाई बाघले आक्रमण गरी घाइते बनाएको छ। बस्तीको लगभग चार किलोमिटर पश्चिम–दक्षिणतर्फको वनमा खसी, बाखा चराइरहेको बेला एक्कासि बाघले झम्टेको मगरले बताइन्। बाघले आक्रमण गर्दा आफू घोप्टो परेर लड्न पुगेको र कराएपछि दुईजना गोठालाले पनि कराएका र मानिसको आवाज सुनेर बाघ भागेको उनले बताइन्।

निजगढ नपाको रतनपुर, लाल, निजगढ, सिगौल र जीतपुरसिमरा उपमहानगरपालिका टाँगियाबस्ती, पिलुवा, महेन्द्रनगर, कर्तवा, रामवन, चकरी पथलैया, अमलेखगंज, कोल्हवी नपाको झुरेझुरे भलुवाहीखोर, काटा, निकास, सपही, ककरी, बोधवन, रामवन, नयाँबस्तीलगायतका दुई दर्जनभन्दा बढी बस्तीमा बाघ, चितुवा, हात्तीको आक्रमणको जोखिम बढेको छ।

## बाल सुधारगृह पर्सालाई टिपिओ र युनिसेफको सहयोग

## बाल सुधारगृहलाई स्थानान्तरण गरिन्छ –प्रजिअ भुसाल

प्रस, वीरगंज, ६ चैत/

वीरगंजस्थित बाल सुधारगृहलाई टिपिओ र युनिसेफले उपकरण, खेल सामग्री सहयोग गरेको छ।




केन्द्रीय बाल न्यायिक समितिका सदस्यसचिव एवं सर्वोच्च अदालतका रजिस्ट्रार नारायणप्रसाद पन्थीले मङ्गलवार बाल सुधारगृहका प्रमुख टीकाकृष्ण काफ्लेलाई १४ थान कुलर, एक/एक थान ल्यापटप, डेस्कटप कम्प्युटर र एक थान ४३ इन्चको टिभी हस्तान्तरण गरेका थिए। यसैगरी, टिपिओको तर्फबाट खेलकूद तथा स्टेशनरीका सामानहरू प्रदान गरिएको थियो।

सो अवसरमा बाल सुधारगृहका प्रमुख काफ्लेले सुधारगृहको भौतिक संरचना अपुग भएको, जग्गा पनि थोरै रहेकोले बाल सुधारगृह सञ्चालनमा समस्या हुँदै आएको बताएका थिए।

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बाल सुधारगृह स्थानान्तरणका लागि प्रयास भइरहेको बताए। उनले वीचिकालिमा बाल सुधारगृह स्थानान्तरणको प्रयास भइरहेको र निकट भविष्यमा सारिने बताए।

केन्द्रीय बाल न्यायिक समितिका सदस्यसचिव एवं सर्वोच्च अदालतका रजिस्ट्रार पन्थीले देशभरिका बाल सुधारगृहको आफूहरूले अनुगमन गरेको र आवश्यक स्थानहरूमा सुधारका कार्यहरू हुने बताए। युनिसेफ नेपालका बाल सुधार विभागका प्रमुख दाना रानोले युनिसेफले बाल सुधारका लागि थप योजनाहरू ल्याउने बताए।

कार्यक्रमका अध्यक्ष न्यायाधीश दीपक खनालले बालसुधार गृहको अवस्था निकै नाजुक रहेको र यहाँको साटो कारागार चलान गर्न बालकहरुले आग्रह गर्ने गरेको बताए। उनले बालसुधार गृह नाम अनुसारको नभएको बताए। कार्यक्रममा न्यायाधीशहरू ध्रुवराज त्रिपाठी, रोशन गजुरेल, नन्दकिशोर यादव, आनन्दप्रसाद श्रेष्ठ, पुरुषोत्तम नेपाल, मोना सिंह, उच्च अदालत वीरगंज इजलासका रजिस्ट्रार प्रेम खड्का, युनिसेफका सुरेश श्रेष्ठ, न्यायिक समिति वीउमनपाका संयोजक एवं उपप्रमुख इम्तियाज आलम, जिल्ला न्यायाधिवक्ता सुशील देवकोटा, जेलर फणिन्द्र दाहाल, प्रहरी उपरीक्षक कुमुद ढुङ्गेल, प्रनाउ कुमारविक्रम थापा, बाल मनोविज्ञ सावित्री भण्डारी, पर्सा बारका अध्यक्ष कमलमोहन पोखरेल, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलगायतको सहभागिता थियो।

## तत्कालीन प्रशासकीय अधिकृत गुप्तासहित तीनजनाविरुद्ध भ्रष्टाचार मुद्दा

प्रस, रौतहट, ६ चैत/

रौतहट जिल्ला ईशनाथ नगरपालिका–५ मठियास्थित श्री आधारभूत विद्यालयको दुई कोठे पक्की भवन बनाउँदा भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्तासहित तीनजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमवार भ्रष्टाचार मुद्दा दायर गरेको छ।

भवन निर्माण मापदण्ड, गुणस्तर र इस्टिमेटविपरीत विद्यालय भवन निर्माण भएको अभियोग अदुअआले लगाएको छ। नगरपालिकाका तत्कालीन इन्जिनीयर सत्यपाल सौरभले ८६ हजार ६४७ रुपैयाँ ६३ पैसा बढी भुक्तानी गर्न बिल बनाएको अदुअआको आरोप छ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गुप्ताले अन्तिम भुक्तानीका लागि

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**सम्बन्ध पलाउँछ प्रेमले, बाँच्छ संवादले, अनुभूत हुन्छ संवेदनाले, जिउँदो रहन्छ मुटुले, ओइलाउँछ गलतफहमीले र छरिन्छ अहङ्कारले ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# प्रयास गरे परिवर्तन हुन्छ

**महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाले आफ्नो नगरक्षेत्रका मुसहर समुदायलाई उमेर पुगेर विवाह गर्दा ५० हजार रुपैयाँ सहयोग घोषणा गरेको छ । नगरप्रमुख प्रह्लादकुमार क्षत्रीले यो घोषणा त्यत्तिखेर गरेका हुन्, जतिखेर उनले बर्दिबास नपा–१४ नमूना मुसहरबस्तीका १०८ जनाको लघु जीवन बीमा गरेका थिए । नमूना मुसहरबस्ती धुर्मुस–सुन्तली फाउन्डेशनले ५२ मुसहर परिवारका लागि बनाएको थियो । नगरप्रमुख क्षत्रीले सो बस्तीका घर–घरमा पुगेर उनीहरूको लघु जीवन बीमा गराएका हुन् । किनभने उनीहरूको लागि गरिने जीवन बीमाप्रति पनि उनीहरूलाई विश्वास हुँदैन । सबैले रुचिपूर्वक न लेलान् र बीमाबाट वञ्चित होलान् भन्ने अभिप्रायबाट नगरप्रमुखले लघुवित्त जीवन बीमाकर्तासमेतलाई सो कार्यमा समावेश गराएका थिए । घरघरै पुगेर जीवन बीमा गराउँदा त्यहाँ १०८ जनाको बीमा हुन सक्यो । बर्दिबासमा मुसहरहरूहरूको दैनिकी जीवनमा अहिलेसम्म सुधार हुन सकेको छैन । अशिक्षा, रोजगारको समस्याले उनीहरू अहिलेसम्म पिरिलिंदै आएका छन् । पुस्ता दर पुस्ता आफ्ना बालबालिकाहरूलाई शिक्षाको पहुँचबाट टाढा राख्दै दैनिक ज्याला मजदूरी गरेरै बाँच्न सिक्दै आएका कारण उनीहरू राज्यबाट पाउने सेवा र सुविधाबाट पनि वञ्चित छन् ।**

**मधेस प्रदेशमा ठूलो सङ्ख्यामा मुसहर र चमारहरू छन् भने तत्वा, धाँगड, दुसाध, बैठा, बिन जातिको पनि उल्लेखनीय सहभागिता छ । दलितमा नै पर्ने डोमको सङ्ख्या भने एकदमै न्यून छ । डोम समुदायका मानिसहरू अहिलेसम्म सबैभन्दा बढी पिछिडिएका पनि छन् । सङ्ख्यात्मकरूपमा कम डोम समुदायमा सबैभन्दा बढी विकृति मौलाएको छ । अहिलेसम्म डोम समुदायमा बालविवाह हट्न सकेको छैन । अन्य समुदायमा बालविवाह १२ देखि १६ वर्ष उमेर समूहमा गरिन्छ भने यो समुदायमा जन्मनासाथ विवाह तय हुन्छ र एक वर्षको अवधिमैं वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ । अझ उदेकलाग्दो कुरा के छ भने अन्य समुदायमा वैवाहिक कार्यक्रम हुँदा केटी पक्षले दाइजो दिन्छन् तर डोममा बेहुला पक्षले बेहुलीलाई खरीद गर्छन् । केटीको सङ्ख्या निकै कम भएको कारण जन्मदा नै केटीको छेका गरिन्छ र केटा–केटी एक वर्ष उमेरका हुनासाथ उनीहरूलाई वैवाहिक सूत्रमा बाँध्ने काम हुन्छ । यसको अन्त्यका लागि प्रयासहरू भएका छैनन् । दलितहरूका लागि काम गर्ने विभिन्न संस्थाहरू छन् । अहिले स्थानीय पालिकाहरूले पनि दलित लक्षित बजेट विनियोजन गरेका छन् तर दलितलाई साक्षी राखेर उनीहरूको हकहितमा काम गरेको पाइएको छैन ।**

**पर्सा जिल्लाको उदाहरण लिने हो भने यो जिल्लामा दलितहरूको उपस्थिति कुल जनसङ्ख्याको १६ प्रतिशतको हाराहारीमा छ । तर यो समुदायले अन्य जात, समुदाय सरह आफ्नो अधिकारका लागि खुलेर लड्न सक्ने वातावरण बनिसकेको छैन । यसका लागि सबैभन्दा पहिले दलितहरूको शिक्षामा पहुँच बढाउनुपर्छ । दलित बालबालिकाहरूको शिक्षामा पहुँच बनोस् भनेरै पिस फर दलित फाउन्डेशनले पर्सा जिल्लाका चारवटा पालिकामा दलित बालबालिकाहरूलाई निश्शुल्क टचुसन व्यवस्था गर्दै आएको छ । दलित लक्षित गरेर योजनाहरू ल्याउने र पालिकाहरूले पनि आफ्नो क्षेत्रमा रहेका दलितहरूलाई शिक्षामा अनिवार्य सहभागिता गराउने हो भने आगामी वर्षमा यो समुदायमा पनि परिवर्तन देख्न र सुन्न पाइन्छ ।**

# नेपाल–चीन सम्बन्धको नयाँ आयाम

स्वतन्त्र विचार



**विनोद गुप्ता**

**सिल्करोडको अवधारणा अन्तर्गत बुद्धभूमि लुम्बिनीमा चीनबाट सोझै उडानको प्रस्ताव गरेको समाचार आएको छ । यस प्रस्तावले स्वीकृति पाएमा भैरहवा विमानस्थल आर्थिकरूपमा भए पनि चलायमान हुने र चिनियाँ पर्यटकहरूको आवागमन बढ्ने अपेक्षा गर्न सकिन्छ ।**

१ अगस्त १९५५ देखि शुरू भएको नेपाल्–चीन राजनयिक सम्बन्ध पञ्चायतकाल हुँदै गणतन्त्रसम्म आइपुग्दा कोभिडकालमा एकाएक तानवपूर्ण हुन गएको पाइन्छ । यसको शुरूआत कोभिडकालका दौरान चीनले लामो समयसम्म र खास गरेर तातोपानी नाका बन्द राखेको कारणबाट नेपाली व्यवसायीहरूलाई पर्न गएको मर्काबाट स्पष्ट हुन्छ । यस्तो किन भयो भन्ने कुराको पृष्ठभूमिमा जाँदा सर्वप्रथम त चीनकै सल्लाहमा माओवादी केन्द्र र एमाले एकीकरणपछि चुनावमा ठूलै बहुमत हासिल गरेर बनेको सरकार दुई वर्ष पनि चल्न नपाउँदै पुनः ढल्नु र माओवादी केन्द्र र एमाले अलगअगल पार्टी बन्न पुग्नु तथा चीनको हरसम्भव प्रयासका बावजूद नेपालको संसद्बाट एमसिसी पारित हुनु नै हो भन्ने कुरा बुझ्न सकिन्छ । एमसिसी पारित हुनु र बिआरआईको हस्ताक्षरकर्ता भएर पनि यस अन्तर्गत एउटा पनि आयोजना अगाडि बढ्न नसक्नुले चीनले एमसिसीकै कारण बिआरआई रोकिएको भन्ने अर्थ लगाएको बुझिन्छ । नेपालको बुझाइमा अनुदानमा आधारित योजना हुनुका साथै नेपालले ठूलो परिमाणमा निर्यात गरेर बढ्दो व्यापार घाटामा सन्तुलन ल्याउन सक्ने र भारतलाई बिजुली निर्यात गरेर आमदानीको दिगो स्रोत नेपाललाई प्राप्त हुने अपेक्षा राखेर व्यापक विरोधका बावजूद यसलाई स्वीकार गरिएको हो । तर यो योजना अनुमोदन भइसकेपछि चीनले बिआरआई अन्तर्गतका आयोजना स्वीकार गर्न दिएको दबाबलाई तत्कालीन गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालले अहिले अनुदान र ऋणको हकमा २ प्रतिशतभन्दा बढी ब्याज नलाग्ने र लामो समयमा चुक्ता गर्ने सहुलियतसहितको ऋणको शर्त भएको योजना मात्र स्वीकार गर्न सक्ने धारणा राख्नुका साथै कोभिडकालमा नेपाल फर्काइएका चीनमा अध्ययनरत विद्यार्थीहरूको पुनः अध्ययनको व्यवस्थापन र पहिलोपटक सीमा व्यवस्थापनबारे समेत चर्चा चलाएको हो । चीनका राष्ट्रपति नेपाल आउँदा चीनतर्फ आँखा लगाउनेलाई धूलोपीठो बनाइदिने भनाइलगत्तै सन् २०२२ को २५–२७ मार्चमा नेपाल भ्रमणमा रहेका चिनियाँ विदेशमन्त्री वाङ यिको नेपाल चीनको मामिलामा बाह्य हस्तक्षेपको सम्बन्धमा राखेको भनाइ र चिनियाँ राष्ट्रपतिले भारत–नेपाल समबन्धबारे राखेको भनाइबाट चीन वास्तवमा नेपाललाई अमेरिका र भारतसँग नजीकिन दिन चाहँदैन भन्ने स्पष्ट नै थियो । यसमा झन् आगोमा घ्यू थप्ने काम प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका दौरान भएको १० वर्षमा १०,००० मेगावाट विद्युत् खरीद सम्झौता बन्न पुग्यो ।

हुनत ओली सरकारको पतनपश्चात् एमाले र माओवादी केन्द्रका सम्बन्धमा यो प्रयास किन र कसरी विफल भयो भनेर गहन अध्ययन अनुसन्धान थालिएको खनक काङ्ग्रेससँगको गठबन्धनमा प्रचण्ड प्रधानमन्त्री बनेदेखि नै नेपालका नेताहरूलाई चीन भ्रमणको निम्तो दिने र चिनियाँ प्रतिनिधिमण्डल काठमाडौं आउने क्रम निरन्तर चलि नै रहेको थियो । यसबाट पनि चीन नेपालका कम्युनिस्टहरूलाई फेरि कुनै अर्को मोडालिटीमा एक साथ ल्याउने चाहना राख्छ भन्ने कुरा स्पष्ट भइसकेको थियो र अन्ततः यसले सफलता पनि पायो । यसपालि बनेको कम्युनिस्ट सरकारबारे चीनमा के अवस्था छ भनेर बुझ्दा पहिलेपहिले तिब्बतको स्थायित्वका लागि नेपालसँगको सम्बन्ध अपरिहार्य मानेको चीनले यसपटक भने अलि भिन्न सोच लिएको पाइएको छ । हुनत दक्षिण एशिया हेर्ने चिनियाँ विश्लेषकहरूको रायमा नेपाल 'सुनको थाल थापेर माग्ने देश हो' भन्ने धारणा रहेको छ । तर यसपालि चिनियाँ राष्ट्रिय जनकाङ्ग्रेस स्थापना भएको ७४ औं र CPPCC स्थापना भएको ७५ औं वार्षिकोत्सव मनाउन बेइजिङमा भेला भएर देश विकासको खाका प्रस्तावित गर्ने कार्यक्रममा नेपालले राम्रो स्थान पाएको समाचार छ । चिनियाँ अङ्ग्रेजी दैनिक ग्लोबल टाइम्सले नेपालजस्तो छिमेकी देशसँग मिलेर सीमा व्यापार विस्तार गर्ने सुझाव दिनुका साथै चीनको दक्षिण–पश्चिम क्षेत्रको विकासमा र चीनको दक्षिण एशिया प्रवेशको मूलद्वार बनाउन नेपाल–चीन सम्बन्ध सुमधुर बनाउनेबारे समेत छलफल भएको छ । चिनियाँ विदेशमन्त्रीको भ्रमणका दौरान नेपाल चीनबीच आर्थिक, प्राविधिक सम्बन्ध बढाउने, क्रस बोर्डर आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने, चीन निर्यात हुने वस्तुहरूमध्ये ९८ प्रतिशतलाई ड्युटिफ्री सुविधा उपलब्ध गराउने, केरुङ–काठमाडौं रेलमार्गको चार वर्षभित्र डिपिआर बनाउने, सीमा निरीक्षणका साथै कोभिडपछि चीन फर्कन नपाएका विद्यार्थीहरूको समस्या समाधान गर्नेजस्ता ९ बुँदे समझदारी पत्रमा हस्ताक्षर पनि भएको हो तर यसपालि CPPCC को राष्ट्रिय समितिका सदस्य एवं चिनियाँ बौद्ध सङ्गठनका उपाध्यक्ष एवं नेपालको असल मित्रको रूपमा परिचित यीन शुनले हवाई सिल्करोडको अवधारणा अन्तर्गत बुद्धभूमि लुम्बिनीमा चीनबाट सोझै उडानको प्रस्ताव गरेको समाचार आएको छ । यस प्रस्तावले स्वीकृति पाएमा भैरहवा विमानस्थल आर्थिकरूपमा भए पनि चलायमान हुने र चिनियाँ पर्यटकहरूको आवागमन बढ्ने अपेक्षा गर्न सकिन्छ । वस्तुतः भैरहवा र पोखरा विमानस्थल निर्माणको सम्झौता गर्दा नै चीनबाट सोझै उडानको व्यवस्था गर्ने समझदारी बनेको थियो, जुन आजसम्म पूरा हुन सकेको छैन, जसले गर्दा दुवै विमानस्थल नेपालका लागि सेतो हात्ती साबित भइरहेका छन् । त्यसैगरी CPPCC को राष्ट्रिय समितिका सदस्य तथा सिन्च्याङ उद्योग वाणिज्य महासङ्घका अध्यक्ष तुओचि छ्चुलगायत यस परामर्शदात्री समितिका अन्य सदस्यहरूले नेपालसँग सीमा व्यापार विस्तार गर्दै जाने कुरा पनि उठाएको समाचार छ । तर व्यवहार बेग्लै छ, नेपालको अनुदान र सहुलियत ऋणको प्रस्ताव स्वीकार नभएको कारण २०१९ मा उद्घाटन गरिएको बिआरआई अन्तर्गतको महत्त्वपूर्ण परियोजना मानिएको चीन–नेपाल औद्योगिक पार्ककै काम अगाडि बढ्न सकेको छैन । हालका दिनमा नयाँ सरकार बनेपछि चिनियाँ पक्षबाट बिआरआई परियोजना शुरू गर्ने दबाब बढ्दै गएका समाचारहरू बाहिर आएका छन् । यस अवस्थामा कम्युनिस्ट नेतृत्वको सरकार बिआरआईको शर्त मानेर अगाडि बढ्दा राष्ट्रिय हितमा चीनलाई अनुदान वा अन्य दातृ निकाय सरह २ प्रतिशतको ब्याज र लामो अवधिको भुक्तानी सुविधामा राजी गराउन सक्छ कि सक्दैन, हेर्नैपर्ने भएको छ । यस सम्बन्धमा नेपाल सरकारले गर्ने निर्णयले भारत र अमेरिकासँगको कूटनीतिक सम्बन्धमा के असर पर्छ भनेर अनुमान गर्न सकिन्छ । भारत–चीन दुवै नेपाललाई अआफ्नै पक्षमा रहनुपर्ने अडानमा छन् भने अमेरिका समदूरीको सम्बन्ध चाहन्छ । चिनियाँ भनाइलाई सार्थक तुल्याउने हामी आफैंले केही गर्न नसकेर सुनको थाल थापेर माग्दै हिंडेका छौं । यो सत्य हो, अन्यथा मान्नुपर्ने केही छैन ।

# साझा सङ्कल्प : आर्थिक शिथिलता अन्त्य, बैंक वित्तीय संस्थालाई विसङ्गति मुक्त

काठमाडौं, ६ चैत/रासस

पाँच दलको न्यूनतम साझा कार्यक्रमले आर्थिक शिथिलता अन्त्य गर्ने, वित्तीय संस्थालाई विसङ्गति मुक्त बनाउने, सङ्घीयता कार्यान्वयन र सार्वजनिक संरचनागत सुधार गर्ने, छरितो सेवा प्रवाहसँगै सुशासन कायम गर्ने, स्वरोजगार, उद्यमशीलता र स्वदेशी उत्पादनको प्रवर्द्धन गर्नेलगायत विषयलाई प्राथमिकतामा राखेको छ ।

सत्तारूढ पाँच राजनीतिक दल नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टीको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्पमा अर्थतन्त्रमा उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने उल्लेख छ ।

"सुस्त कर्जा प्रवाह र पूँजीगत खर्चको न्यूनताजस्ता समस्याको समाधान गर्ने, वित्तीय तथा मौद्रिक नीतिबीच समन्वय गर्दै तात्कालिक र मध्यकालीन लगानी र रोजगारमैत्री नीतिगत सुधारमा बाधा पुऱ्याउने विभिन्न कानूनहरू संशोधन गरिनेछन् । सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौतीका रूपमा रहेको राजस्व र खर्चबीच बढिरहेको अन्तरलाई कम गर्न राजस्व सुधार, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहयोगका नवीन स्रोतहरूको पहिचान र परिचालन गरिनेछ," न्यूनतम साझा कार्यक्रममा भनिएको छ ।

विप्रेषण आप्रवाहलाई उत्पादनशील गतिविधिमा लगाउने र शेयर बजारलाई नीतिगत सुधारमार्फत चलायमान बनाउने नीति सरकारले लिने प्रतिबद्धता पाँच दलले जनाएका छन् । त्यस्तै, सहुलियतमा रहेको हरित वित्त, अन्तर्राष्ट्रिय बजारमा पहुँच र प्रविधि हस्तान्तरणलाई केन्द्रबिन्दुमा राखी अतिकम विकसित राष्ट्रको दर्जाबाट स्तरोन्नति भएपछिको सङ्क्रमणकालीन रणनीति कार्यान्वयन गर्ने सङ्कल्प पाँच दलको छ । १५औं योजनाको कार्यान्वयन अवस्थाको वस्तुनिष्ठ समीक्षासहित १६औं राष्ट्रिय योजना प्रारम्भ गर्ने पनि न्यूनतम साझा कार्यक्रममा उल्लेख छ । १६औं आवधिक योजनामार्फत डिजिटलाइजेसन, पर्यटन, कृषि, ऊर्जा र हरित औद्योगिकीकरणलाई रोजगारमूलक आर्थिक वृद्धि एवं संरचनात्मक रूपान्तरणका नयाँ आधारका रूपमा परिभाषित गर्दै सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गरी 'सम्मानजनक मध्यम आय भएको अर्थतन्त्र' निर्माण गर्ने उल्लेख छ ।

वित्तीय संस्थामा उत्पन्न समस्या समाधान गर्न विभिन्न समयमा गठित आयोगका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै सहकारी, लघुवित्त संस्था एवं अनुचित लेनदेनसम्बन्धी समस्या समाधान गर्ने पनि सत्तारूढ दलको साझा सङ्कल्प छ । "सहकारी कर्जा असुली न्यायाधीकरणको गठन गर्ने र सहकारी बचत तथा कर्जा सुरक्षण कोष सुरुआत गर्ने, ठूलो कारोबार गर्ने सहकारीलाई केही समय राष्ट्र बैंकको नियमन र सुपरीवेक्षणमा राख्न कानूनी प्रबन्ध गर्ने, बचत तथा ऋण सहकारी संस्थाका नाममा रहेका सम्पत्तिको धितोमा नेपाल राष्ट्र बैंकबाट छोटो अवधिको पुनर्कर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ," सरकारमा रहेका दलको न्यूनतम साझा कार्यक्रममा भनिएको छ, "हाललाई बचत तथा ऋण कारोबार गर्ने संस्थाको दर्ता र कार्यक्षेत्र विस्तार अनुमति तथा सेवा केन्द्र स्वीकृति बन्द गर्ने र लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचनाको व्यवस्था गर्ने नीति लिइनेछ ।"

सङ्घीयता कार्यान्वयनमा देखिएका समस्या समाधान गर्ने विषयमा सत्तारूढ दलको साझा सङ्कल्पमा परेको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न, सुशासन प्रवर्द्धन गर्न, व्यावसायिक वातावरण निर्माणमा असहज एवं असान्दर्भिक नीति तथा कानूनमा परिमार्जन गरिने जनाइएको छ ।

"सङ्गठन संरचनामा कायम रहेको दोहोरोपन हटाइ चुस्त र मितव्ययी संरचना निर्माण गरिनेछ । राज्यका निकायबीच अन्तर–समन्वय कायम गरी प्रविधिमा आधारित, सुधार–निर्देशित अनुगमन प्रणाली स्थापना गरिनेछ," न्यूनतम साझा कार्यक्रममा भनिएको छ, "समावेशिता, धर्मनिरपेक्षतासहित सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानून निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाइनेछ ।"

आमनागरिकलाई सहज र छरितो ढङ्कबाट निष्पक्ष न्यायको सुनिश्चितता गर्न न्यायपालिकाको संरचनागत सुधारका लागि सुझाव तथा सिफारिश गर्न उच्चस्तरीय आयोग गठन गर्ने योजना पाँच दलको साझा सङ्कल्पमा छ । त्यस्तै, नागरिक प्रशासन, सुरक्षा निकाय, सार्वजनिक संस्थानलाई सक्षम र जनउत्तरदायी बनाउन नीति, संरचना र प्रणालीमा सुधार गर्नका लागि विज्ञ सम्मिलित कार्यदल गठन गर्ने पनि जनाइएको छ ।

'सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा'का रूपमा व्याप्त भावनालाई बदल्न 'बेइमानी गर्नेले कानूनीरूपमा सजाय पाउँछ' भन्ने उदाहरण प्रस्तुत हुनेगरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायमा जवाफदेहिता सुनिश्चित गर्ने न्यूनतम साझा कार्यक्रममा उल्लेख छ । 'लाइनमा रहेका सबैको पालो आउँछ' भन्ने मान्यतालाई बल पुऱ्याउने दिगो प्रणाली विकास गरी जनतामा राज्यप्रतिको भरोसा जगाउने नीति लिइने जनाइएको छ ।

"कार्यसम्पादन करारसम्बन्धी विद्यमान निर्देशिकालाई परिमार्जन गरी प्रमुख पदमा बहाल कर्मचारीसँग वस्तुनिष्ठ मूल्याङ्कन र मापनयोग्य परिसूचकका आधारमा कार्यसम्पादन सम्झौता गरिनेछ," न्यूनतम नीतिगत प्राथमिकतामा भनिएको छ, "राष्ट्रिय परिचयपत्रलाई प्रचलनमा ल्याइनेछ । फरकफरक कार्यालयमा नागरिकतालगायत कागजात पटकपटक बुझाउनुपर्ने झन्झटलाई हटाउन नागरिक एपलाई सुदृढ गरी त्यसैमार्फत सबै प्रकारको सेवा उपलब्ध गराइनेछ । सरकारी सेवा तोकिएको समयमा उपलब्ध गराउन 'टाइम कार्ड' प्रणाली लागू गरिनेछ ।"

सार्वजनिक खरीद प्रक्रियामा उच्चतम दक्षता र सदाचार सुनिश्चित गर्न आवश्यक कानूनी र संस्थागत सुधार गरिने जनाइएको छ । सार्वजनिक खरीद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रलाई परिणाममुखी र प्रभावकारी बनाउन आवश्यक सुधार गर्ने पाँच दलको साझा सङ्कल्पमा उल्लेख छ । त्यसैगरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता नियामक निकायलाई कानून, जनशक्ति, स्रोत र साधनसहित अधिकारसम्पन्न बनाइ भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गरिने जनाइएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# होलीको गीतले गुञ्जायमान हुनथाल्यो मिथिला

सञ्जीतकुमार मण्डल
जलेश्वर, ६ चैत/रासस

रङ र अबिरको पर्व होलीको दिन नजीकिँदै गर्दा अहिले मधेसका प्रत्येक गाउँ/शहर होलीको गीत (जोगिरा)ले गुञ्जायमान हुन थालेका छन्। नेपालको तराई–मधेसमा अहिले साँझ पर्नेबित्तिकै गाउँगाउँमा डम्फु, झ्याली, ढोल, मृदङ्ग बज्न थालेका छन् भने चारैतिर जोगिरा (होली गीत)को धुन सुनिन थालिएको छ।

उमेरले ६० पुग्न आटेका जलेश्वर नगरपालिका–८ बजराही गाउँका विपेन्द्र पाण्डे अहिले साँझ पर्नासाथ आफ्नो घरबाट हातमा डम्फू समातेर गाउँको चौबाटोस्थित मिलनचोकमा पुग्ने गर्छन्। त्यस्तै, गाउँको उत्तरबारी टोलबाट हारमुनियम लिंदै स्थानीय ५५ वर्षीय रामदेव महरा पनि सूर्यास्त हुनासाथ सोही चोकमा पुग्छन्। यी दुवैजनाको आगमन भइसकेको खबर पाउनासाथ गाउँको पछियारी टोलबाट ४४ वर्षीय मोहन साह पनि आफ्नो घरबाटै दुवै हातले झ्याली पिट्दै मिलनचोकमा पुग्ने गर्छन् भने गाउँको पूर्वारी टोलबाट ७० वर्षीय गौरी चौधरी पनि ढोल बजाउँदै सो चोकमा आइपुग्ने गर्छन्।

विभिन्न वाद्यवादनका साथ मिलनचोकमा आइपुग्ने यी चारजनाबाहेक गाउँकै लोकगायक अरुण पाण्डे, धीरेन्द्र चौधरी, आसनारायण मण्डलसहित अन्य थुप्रै व्यक्ति पनि साँझको दियो बल्ने बित्तिकै मिलनचोकमा जम्मा हुने गर्छन्। आपसी भाइचारा, प्रेम, सद्भाव, सुख–दुःख साटासाट गर्न र पुस्तौंदेखि चल्दै आइरहेको होली गीत (जोगिरा)को संरक्षण र प्रवर्द्धनका लागि अहिले दैनिकरूपमा जम्मा हुने गरेका छन्।

बजराही गाउँमा अहिले साँझको सात बज्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा (होलीका गीत) सुनिन थाल्छन्। होलैयाहरू (जोगिरा गाउने) एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा बजराही गाउँका टोलटोलमा आआफ्ना घरआँगनमा बसिरहेका जोकोही पनि प्रसन्न एवं खुशी हुने गर्छन्। होलैयाहरूले हातहातमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायतका बाजा लिएर विभिन्न धुन र सङ्गीतको सिर्जना गर्दै शुरू गरेका जोगिरा राति ११/१२ बजेसम्म निरन्तररूपमा चलिरहन्छ।

विभिन्न प्रकारका गीत, चुटकिला, हाँसो ठट्टा र जिस्काउने तीतामीठा वाक्य र शब्दलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेको भीड लाग्ने गर्छ भने जोगिराका क्रममा हुने नाच र गान समेतमा ठूलो सङ्ख्यामा सहभागी हुने गरेको होलैया (जोगिरा गाउने) अरुण पाण्डेले बताए। जलेश्वर नगरपालिका–८ बजराही गाउँका जोगिराटोली निकै चर्चित छ। यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम दुवै समुदायको समावेशिताले यसलाई झन् अद्भुत बनाइदिएको स्थानीय मुस्लिम अगुवा सकुर राइनको बुझाइ छ।

हिन्दूको पर्वमा मुस्लिम सहभागी नहुने र मुस्लिमको पर्वलाई हिन्दूले चासो नलिने सामान्य मान्यतालाई सदरमुकाम जलेश्वर नगरपालिका–८ बजराही गाउँमा गलत साबित गर्दै स्थानीय दुवै समुदायका युवा तथा बुद्धिजीवी अगुवा अगाडि बढेको नेपाली काङ्ग्रेसका स्थानीय युवा नेता अनिल पाठक बताउँछन्। वर्षौंदेखि यहाँका मुस्लिम हिन्दूको पर्वमा र हिन्दूहरू मुस्लिमको चाडपर्व एकसाथ मनाउँदै आएका उनको भनाइ छ।

होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवा देश–परदेशबाट आआफ्नो गाउँ फर्किएका वडा नं ७ का वडाध्यक्ष रामछविला यादव बताउँछन्। जोगिराको धुनले अहिले रातभरि गाउँलेलाई नसुत्ने बनाएको उनको भनाइ छ। मधेससहित सम्पूर्ण देशकै लागि खुशी र उमङ्गको पर्व होलीलाई निम्ता दिंदै युवा, वयस्क तथा वृद्धसमेतको छुट्टाछुट्टै टोलीले जोगिरा गाएर पूरै वडालाई नै सङ्गीतमय बनाएको स्थानीय जीतेन्द्र शर्माले बताए।


तस्वीरः रासस

स्थानीय शिवचन्द्र कापरका अनुसार यस वडामा अहिले कतिबेला साँझ पर्ने र कतिबेला होलैया आएर जोगिरा शुरू गर्ने प्रतीक्षामा घरघरमा महिला, पुरुष तथा बालबालिका र वृद्धवृद्धासमेत बसिरहेका हुन्छन् भने जोगिरा शुरू हुने बित्तिकै प्रत्येक घरघरबाट निस्केर सबैजना होली गीत सुन्नका लागि चोकसम्म पुग्ने गर्छन्।

देश, विदेशमा बस्दै आएका मधेसवासीलाई मन पर्ने जोगिरा महोत्तरीको जलेश्वर नगरपालिकामा मात्रै सीमित नभएर जिल्लाको पिपरा गाउँपालिका–७ बनौली गाउँमा पनि निकै धूमधामका साथ गाइने तथा सुन्ने गरिएको स्थानीय सञ्चारकर्मी एवं होलैया रहेका स्थानीय सञ्चारकर्मी ४० वर्षीय नवीन प्रियदर्शी बताउँछन्। सो गाउँमा पनि परम्पराकालदेखि जोगिरा गाउने प्रचलन रहेको र जोगिरा गाउनका लागि कुनै पनि उमेर समूहले बाधा नपारेको उनको भनाइ छ। सो गाउँमा एउटै मञ्चमा विभिन्न उमेर समूहका व्यक्ति बसेर जोगिरा गाउने, हास्ने, हसाउने, कथा, कहानी र जीवनका अनुभव साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर–सत्कार र सानालाई स्नेह बाँड्ने कार्य हुने गरेको उनले बताए।

'जोगिरा सरररर, जोगिरा सरररर।'

'मिथिलामे राम खेलैया होली, मिथिलामे। मिथिलामे हो, मिथिलामे हो, मिथिलामे।'

'किनका के सोभे पियरी पीतम्बर, किनका के हाथ अबिर झोली। मिथिलामे।'

'सीताजीके सोभे पियरी पीतम्बर, रामजीके हाथ अबिर झोली।

हो मिथिलामे, मिथिलामे राम खेलैय होली, मिथिलामे।'

'जोगिरा सरररर, जोगिरा सरररर।'

'रङ बरसे भिगे चुनरवाली रङ बरसे, हो रङ बरसे भिगे चुनरवाली रङ बरसे।'

'सीया झारू नम्बी केश, राम लैहे सोनेके ककहिया।

सीया झारू नम्बी केश, राम लैहे सोनेके ककहिया।'

सीया झारू नम्बी केश, सीया हो, हो, हो। सीया झारू नम्बी केश,

सीया हो, हो, हो सीया झारू नम्बी केश। राम लैहे सोनेके ककहिया।'

कवि कोकिल विद्यापतिको जन्मथलोसमेत रहेको सो गाउँमा केही दिनदेखि रातिको समय होलैयाको भीडले मेलाजस्तै लाग्ने तथा उनीहरूले गाउने होली गीत (जोगिरा)ले गाउँ नै गुञ्जायमान हुने गरेको स्थानीय सुनील ठाकुरले बताए। जलेश्वर नगरपालिकाको बजराही, अनकार र पिपराको बनौली गाउँजस्तै जोगिराको धुनमा अहिले महोत्तरीको मनरासिस्वा नगरपालिका–९ बथनाहा गाउँ पनि रङ्गिएको पूर्ववडाध्यक्ष बलिराम रायले बताए। उनले अहिले बथनाहामा पनि कतिबेला साँझ पर्ने भन्दै स्थानीय बासिन्दा प्रतीक्षामा रहने गरेको बताए।

स्थानीय ललिन्द्र दुबे, समीर राय, भोगी कापरसहितका होलैयाले ढोल बजाउन, झ्याली पिट्न, हारमोनियम बजाउन र गीत गाउन शुरू गरेपछि बथनाहा गाउँ पनि रङ्गीन हुने गरेको छ। राति अबेरसम्म चलिरहने गीत–सङ्गीत, हाँसोठट्टाले दैनिकरूपमैं होली चलिरहेको आभास गराउने गरेको स्थानीय युवा नेता चन्दन दुबेले बताए। होली पर्वको आगमनसँगै महोत्तरी जिल्लाको गाउँगाउँमा जोगिरा गाउन शुरू भएको छ। जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाको प्रत्येक गाउँटोलमा चैतको फागुन २० गतेदेखि नै प्रत्येक रातिको बेला ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायतका साथ जोगिरा गाउने चलन चलिरहेको छ।

'फागुन आयो, होली ल्यायो'
'मारो भरभर कर पिचकारी'
'होली आयो, मस्ती छायो'
'मारो भरभर कर पिचकारी'
'जोगिरा सरररर, जोगिरा सरररर।'
'कई हातका धोती पहना, कई हात लपेटा'
'कई घाटका पानी पिया, कई बापका बेटा'
'जोगिरा सरररर, जोगिरा सरररर।'

जस्ता सयौं गीत, चुट्किला, हाँसोठट्टा र दुःख बिर्साएर खुशी साटासाट गर्ने महापर्वको होली आगमनको प्रतीक्षामा अहिले महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सर्लाही, रौतहट, बारा, पर्सा सम्पूर्ण मधेसमा जोगिरा शुरू भइसकेको छ।

जोगिराको धुन र लयले गाउँगाउँलाई सङ्गीतमय पारेको बेला जोगिरा गाउनकै लागि अहिले रातिको बेला युवा तथा वृद्धलाई घरघरबाट तानेर ल्याएर राति अबेरसम्म जाग्राम गराउने तथा जोगिरा गाउन लगाउने गरिएको जलेश्वर नगरपालिका–२ का प्रवीण साहले बताए। उहाँले होलैयाले जोगिराले एकापसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकाले आफू रातिको बेला गाउँको चोकचोकमा ठूलो सङ्ख्यामा भेला भएर जोगिरा गाउने गरेको बताए।

मधेसभरि चलिआएको जोगिरालाई पछिल्लो केही वर्षदेखि भड्किलो गीत, खुल्ला मदिरा व्यापार र चर्को आवाजमा बजाइने बाजाको प्रभावले अशान्त तुल्याउने गरेको मनरासिस्वा नगरपालिका–४ का ७५ वर्षीय अरुण सिंहले बताए। परापूर्वकालदेखि चलिआएको जोगिरा गायनको संरक्षण गर्नुपर्नेमा उनको जोड छ। होली गीत केवल मनोरञ्जनको साधन वा गीत नभएर हाम्रो परम्परा एवं हाम्रा पुर्खाको धरोहर रहेको र यस परम्परा तथा धरोहरलाई संरक्षण, संवर्द्धनका साथै यसको जगेर्ना गर्नु हामी सबैको साझा दायित्व रहेको बताउँछन्, संस्कृतिविद् ध्रुव राय।

मधेसका गाउँगाउँमा रहेका मठमन्दिर, चौतारा, पार्टी, पौवा, दोबाटो, चौबाटो अहिले रातिको बेला सङ्गीतमय बनेको बेला मधेसमा विभिन्न देवीदेवताको आगमन हुने गरेको भन्दै मटिहानी नगरपालिका–८ का राजनीतिकर्मी वशिष्ठ मिश्रले जोगिराको संरक्षण, संवर्द्धन तथा जगेर्नाका लागि स्थानीय जनप्रतिनिधि र प्रशासनले विशेष ध्यान दिनु जरुरी रहेको बताए। होली गीत मधेससहित सम्पूर्ण देशकै धरोहर एवं सम्पत्ति रहेकोले यसको संरक्षणमा लाग्नुपर्ने नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डलको पनि भनाइ छ।

# ७५ जना असल बुहारी सम्मानित

अर्घाखाँची, ६ चैत/ रासस

सन्धिखर्क नगरपालिकाले ७५ जनालाई असल बुहारीका रूपमा सम्मान गरेको छ। नगरपालिकाका १२ वटै वडामा ९० वर्षभन्दा बढी उमेरका वृद्धवृद्धालाई राम्रोसँग पालनपोषण गरेको भन्दै नगरपालिकालाई ती बुहारीहरूलाई सम्मान गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए।

उपप्रमुख असल बुहारी सम्मान कार्यक्रम अन्तर्गत उनीहरूलाई सम्मान गरिएको नगर उपप्रमुख मिश्रा आचार्यको भनाइ छ। नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले वृद्धवृद्धालाई वृद्धाश्रममा होइन घरमैं स्याहारसुसार गर्नुपर्छ भन्ने सन्देश दिन असल बुहारीहरूलाई सम्मान गरिएको बताए।

सासूससुराको स्याहारसुसार गर्दा आफूलाई उनीहरूको आशीर्वाद प्राप्त भएको असल बुहारी सन्धिखर्क–१ का सुन्ताला श्रेष्ठले बताइन्। ९० वर्षभन्दा बढी उमेरका ससुराबुबाको स्याहारसुसार गर्न पाउनुमा आफू भाग्यमानी भएको र अभिभावकको आशीर्वादले परिवारमा राम्रो भएको उनले बताइन्।

वृद्धवृद्धालाई दिसापिसाब गराउने, स्याहारसुसार गर्ने, खाजा तथा खानाको उचित प्रबन्ध गर्ने, समयतालिका अनुसार औषधि खुवाउने बुहारीलाई वडा कार्यालयले गरेको सिफारिशका आधारमा करुवा, खादा र आतेजाते भाडासहित सम्मान गरिएको नगरपालिकाका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख पुष्पा भुसालको भनाइ छ।

'सबै नगरवासीको रहर, सुन्दर समृद्ध नगर' भन्ने नाराका साथ सम्पन्न उपप्रमुख असल बुहारी सम्मान कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठ, उपप्रमुख मिश्रा आचार्य, प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसाल, कार्यपालिका सदस्य लीला भुसाल, कृष्णा भुसाल, शारदा परियार, स्वास्थ्य शाखा प्रमुख पूर्ण पराजुली, वडा सदस्य सुन्तला श्रेष्ठलगायतको सहभागिता थियो।

# नेप्से परिसूचकमा छ दशमलव २४ अङ्कको गिरावट

काठमाडौं, ६ चैत/ रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सामान्य अङ्कको गिरावट देखिएको छ। मङ्गलवार नेप्से परिसूचक छ दशमलव २४ अङ्कले घटेर दुई हजार ६७ दशमलव २९ को अङ्कमा कायम भएको छ।

आज ३०७ कम्पनीका ९४ लाख ७८ हजार ९३३ कित्ता शेयर ६३ हजार ८०१ पटक खरीद–बिक्री हुँदा रु तीन अर्ब ६३ करोड ३९ लाख ३६ हजार ५५४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

वित्त समूह दुई दशमलव १०, जीवन बीमा समूह शून्य दशमलव ०६ र लघुवित्त समूह दुई दशमलव ०३ अङ्कले बढेका छन् भने अरू सबै समूहका उपसूचक घटेका छन्। आज सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव ३८ र व्यापार समूह एक दशमलव ३१ प्रतिशतले घटेका छन्।

बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड र सर्वोत्तम सिमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

त्यसैगरी, धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेड नौ दशमलव ९९ र इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ४५ प्रतिशतले बढेका छन्।

सबैभन्दा धेरै घट्नेमा भने सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्कीम–२ सात दशमलव ०८ र पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको छ दशमलव ९१ प्रतिशतले घटेका छन्।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु २५ करोड ९७ लाख २२ हजार ३६७ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने लक्ष्मी इक्विटी फन्डको छ लाख ९९ हजार ६४२ कित्ता शेयर किनबेच भएका छन्।

# महिलालाई निर्णायक तहमा पुऱ्याउन माग गर्दै देशव्यापी बसयात्रा

झापा, ६ चैत/रासस

अन्तरपुस्ता महिला मञ्च (आइजिएफएफ)ले महिलालाई राष्ट्रनिर्माणको निर्णायक तहमा पुऱ्याउनुपर्ने उद्घोषका साथ मङ्गवार पूर्वी नाका काँकडभिट्टाबाट 'देशव्यापी महिलावादी बसयात्रा' शुरू गरेको छ।

आज काँकडभिट्टा र सोमवार कञ्चनपुरबाट शुरू भएको बसयात्रा यही चैत ९ गते मध्यबिन्दु नवलपुरमा भेट हुने कार्यक्रम छ। महिलालाई राज्यको निर्णायक तहमा पुऱ्याउन देशव्यापी जागरण ल्याउनु बसयात्रा अभियानको उद्देश्य रहेको मञ्चका केन्द्रीय सञ्चालक समितिकी संयोजक डा सुशान्त रिसालले बताए।

उनले परमुखी विकासको कुलो फर्काउनुपर्ने र महिलालाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिंदै त्यसका लागि लैङ्गिक विभेदका विरुद्ध सबै मोर्चामा सङ्घर्ष गर्नुपर्ने बताए।

बसयात्रा उद्घाटनका अवसरमा महिला टोलीले नै नौमति बाजा बजाएर नाचगानसहित अभियानका सहभागीलाई स्वागत गरेको थियो। उक्त अवसरमा मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेतीले पितृसत्तात्मक विभेद र थिचोमिचोविरुद्ध महिलाले साझा दृष्टिकोण बनाएर लड्न आवश्यक रहेको धारणा व्यक्त गरिन्।

उनले महिलालाई उपप्रमुख, उपाध्यक्ष, उपसभामुख र उपप्रधानमन्त्री तथा उपराष्ट्रपति जस्ता दोस्रो तहको नेतृत्वमा सीमित गराइएको भन्दै पार्टी र राज्यको पहिलो नेतृत्व तहमैं पुग्न सबैले जोडबल गर्नुपर्ने बताइन्।

बसयात्रा उद्घाटन कार्यक्रमको संयोजन गरिरहेको महिला जनचेतना केन्द्र झापाकी अध्यक्ष सीता गुरुङका अनुसार महिलावादी अभियानकर्मीहरूले बसयात्राका क्रममा मुलुकका विभिन्न स्थानमा स्थानीय समुदायसँग अन्तर्क्रिया गर्नेछन्। अभियानकर्मी चढेको बस झापा, मोरङ, सुनसरी र सप्तरी छिचोलेर आजै साँझ सिराहाको लहान पुगेर बास बस्ने उनले जानकारी दिइन्।

अन्तरपुस्ता महिलावादी मञ्च महिला आन्दोलनका लागि पाँच वर्षअघि गठन भएको साझा सञ्जाल हो। त्यसमा देशभरका महिला अधिकारकर्मी जोडिएका छन्। यसले महिलावादी एजेन्डा उठाउँदै देशव्यापीरूपमा महिला आन्दोलनलाई समावेशी दृष्टिकोणका साथ एकताबद्ध गरिरहेको मञ्चको केन्द्रीय सञ्चालक समितिकी सदस्य राधा प्रधानले बताइन्।

आज काँकडभिट्टाबाट शुरू भएको बसयात्रा अभियान अन्तर्गत चैत ७ गते लहान र ८ गते चन्द्रनिगाहपुरमा पुगेर विशेष कार्यक्रमको आयोजना हुने बताइएको छ। पश्चिमको कञ्चनपुरबाट चैत ५ गते शुरू भएको अभियानले आज कैलाली, चैत ७ गते दाङ र ८ गते भैरहवामा अन्तर्क्रिया कार्यक्रम गर्ने अभियानकी सदस्य चिङलामु शेर्पाले जानकारी दिइन्।

# दुईजना भारतीय हतियारसहित पक्राउ

नितेश कर्ण, वीरगंज, ६ चैत/

जिल्ला प्रहरी कार्यालय, सर्लाहीले अमेरिकन पिस्तोलसहित दुईजना भारतीय युवकलाई पक्राउ गरेको छ।

जिप्रका, सर्लाहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारूले सोमवार राति पौने ९ बजे बरहथवा नगरपालिका–६ मगरटोलमा सूचनाको आधारमा एउटा घरमा छापामारी गर्दा हतियारसहित दुईजना भारतीय युवक पक्राउ परेका बताए। उनले घरमा प्रवेश गर्दा भारतीय युवकमध्ये एकजनाले एक फायर गरेका र पछि प्रहरीले उनीहरूलाई हतियारसहित समात्न सफल भएको बताए।

प्रहरीले भारतीय युवक २८ वर्षीय सन्नीकुमार सिंह र २४ वर्षीय जीतेन्द्र राउतलाई पक्राउ गरेको र निजहरूलाई जिप्रका ल्याउने क्रममा जीतेन्द्र राउत गाडीबाट हाम फालेर भाग्न खोज्दा निजलाई नियन्त्रणमा लिन दुई राउन्ड गोली चलाउनुपरेको बताए। प्रहरीको गोली लागेर घाइते जीतेन्द्रलाई मलङ्गवा प्रादेशिक अस्पतालमा उपचारपछि थप उपचारको लागि जनकपुर पठाइएको प्रवक्ता थारूले बताए। उनले प्रहरीले चलाएको गोलीबाट जीतेन्द्रको दाहिने तिघ्रामा गोली लागेको बताए। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

बितेका केही महीनादेखि सर्लाहीमा धार्मिक हिंसाका घटनाहरू हुँदै आएका छन्। हतियारसहित पक्राउ परेका दुई भारतीय युवकको उद्देश्य भने अहिलेसम्म खुलिसकेको छैन। प्रवक्ता थारूले अनुसन्धान भइरहेको र केही तथ्य फेला परेमा जानकारी गराउने बताए।

# सडक दुर्घटनाको डरलाग्दो तथ्य !

बागलुङको निसीखोला गाउँपालिका–६ स्थित जाउलेपानीमा हिजो बस दुर्घटना हुँदा नौजनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन्। रुकुम पूर्वबाट काठमाडौं जाँदै गरेको बस साँझ मध्यपहाडी लोकमार्गमा दुर्घटनामा भएको हो। यस्तै हिजै पश्चिम दाङमा यात्रुवाहक जिप पल्टिँदा घाइते भएकामध्ये एकजनाको मृत्यु भएको छ। पश्चिम दाङको गागटेबाट तुलसीपुरका लागि छुटेको जीप भाडाबारी नजीकै उकालोमा पल्टिँदा सातजना घाइते भएका थिए। दिनहुँजसो यस्ता दुर्घटनाबाट जनधनको क्षति हुने गरेको छ।

दुई महीनाअघि यात्रुवाहक बस भालुवाङको पुलबाट तल राप्ती नदीमा खस्यो। नेपालगंजबाट काठमाडौं गइरहेको उक्त बस राति १० बजेतिर एक्कासि पुलको रेलिङ भत्काउँदै तल खसेको थियो। बस राप्ती नदीमा खस्दा १२ जनाको मृत्यु भयो भने २० जना घाइते भए। घाइतेहरूको उद्धार गर्न दुई घण्टा लाग्यो।

यस्तै एक महीना अघि महेन्द्रनगरबाट काठमाडौं जाँदै गरेको बस कपिलवस्तुको शिवराज नगरपालिकाको सुरईमा दुर्घटनामा पर्‍यो। राम्रै अवस्थाको बाटोमा भएको दुर्घटनामा पनि १० जनाको मृत्यु भयो। त्यस अघि पाल्पाको मस्याममा पनि जीप दुर्घटना हुँदा १० जनाको मृत्यु भएको थियो। १३ जना मात्र चढ्न मिल्ने जीपमा २६ जना चढेको पाइएको प्रहरीले बताएको थियो। क्षमताभन्दा बढी भार र कच्ची बाटो नै दुर्घटनाको मुख्य कारण रहेको नेपाल प्रहरीको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनीले जनायो। माथिका दुई दुर्घटना भने तीव्र गतिका कारण भएको पनि प्रहरीको प्रतिवेदन छ।

यी प्रतिनिधिमूलक सवारी घटना हुन्। ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरणका लागि अनेक प्रयास गरिरहे पनि दिनहुँजसो दुर्घटना भइरहेका छन्। सडक, चोकलगायत विभिन्न स्थानमा ट्राफिक प्रहरीले जाँच गरिरहँदा पनि सवारी चालकले क्षमताभन्दा बढी यात्रु राख्ने, तीव्र गतिमा गुडाउने र ट्राफिक नियम मिच्ने गरिरहेका छन्। राजमार्गमै त यस्ता घटनाहरू भइरहेका छन् भने ग्रामीण सडक/बाटोहरूमा चल्ने सवारी साधनहरूको अवस्था कस्तो होला? सहजै अनुमान गर्न सकिन्छ।

देशभरमा कहीं न कहीं हरेक दिन साना–ठूला दुर्घटना भइरहेका छन्। ती दुर्घटनामा ठूलो जनधनको क्षति पनि भइरहेको छ तर नागरिकको अनाहक ज्यान गइरहँदा पनि राज्य गम्भीर बनेको पाइएको छैन। सवारी दुर्घटना किन र कसका कारण, कसरी भइरहेको छ? दुर्घटनाको वास्तविकता के हो भन्नेसम्म पत्ता लगाउन कसैले जरुरी ठानेको देखिँदैन। जबकि दुर्घटनापछि अध्ययन/अनुसन्धान गरी दोषीलाई कारबाई र पीडितलाई न्याय, क्षतिपूर्ति दिन सक्नुपर्थ्यो। दुर्घटनाको वास्तविकता पत्ता लगाई न्यूनीकरणका लागि दीर्घकालीन रणनीति र योजना बनाउन कस्सिनुपर्थ्यो। तर सरकारले त्यसमा कुनै प्रभावकारी कदम चालेको छैन।

**विचार**



**शुक्रऋषि चौलागाईं**

**नेपालमा लगभग एक लाख किलोमिटर सडक छ। यस्ता सडकहरू कति सुरक्षित छन् भनेर हेर्ने निकाय नै छैन। सडक विभाग सानो क्षेत्रमा मेरो सडक भनेर बस्ने, प्रदेश र स्थानीय तह आफ्नो क्षेत्रको सडक र त्यसको सुरक्षाबारे आपसी समन्वय र उत्तरदायी नबन्दा दुर्घटना दोहोरिइरहेका छन्।**

सरकारले दुर्घटना न्यूनीकरणका लागि कस्तो मार्गमा कस्ता प्रकृतिका गाडी गुड्न दिने, कति सङ्ख्यामा गुड्न दिने भन्ने स्पष्ट मापदण्ड नै बनाएको छैन। सवारी साधनको भार/क्षमताको नियमन गर्न कुनै निकाय छैन। अहिलेसम्म त्यसको आवश्यकता पनि महसुस गरिएको छैन। जबकि भार बढी भएमा सडक कमजोर भई दुर्घटना निम्तिने हुन्छ। दुर्घटनालाई केवल दुर्घटना वा भवितव्यका रूपमा मात्र लिइनु मूर्खता हो। कुनै दुर्घटनाका पछाडि गम्भीर कारण हुन्छन्। कहीं न कहीं कसै न कसैको धेरथोर लापरवाही र कमजोरीकै कारण दुर्घटना वृद्धि भइरहेका छन्, हुन्छन्।

सडक दुर्घटनामा लुम्बिनी प्रदेशमा २०७७ देखि अहिलेसम्म १,८६१ जनाको ज्यान गएको छ। सो अवधिमा भएका सडक दुर्घटनामा ३,६८९ जना गम्भीर घाइते भएका छन् भने २,२७७ जना सामान्य घाइते भएका छन्। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनीको पछिल्लो तथ्याङ्क अनुसार चार वर्षे अवधिमा ४,०१२ वटा सवारी दुर्घटना भएका छन्। सबैभन्दा बढी दुर्घटना र मृत्यु रुपन्देहीमा भएको तथ्याङ्कले देखाएको छ। ट्राफिक प्रहरीका अनुसार सवारी दुर्घटनामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएका छन्। तीव्र गति र मापसेकै कारण अधिकांश दुर्घटना भएको पनि प्रहरीको भनाइ छ। यी सबै तथ्यले प्रस्ट देखाउँछ–दुर्घटनासँगै ज्यान जाने र घाइते हुनेको सङ्ख्यामा कुनै कमी आएको छैन।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा पछिल्लो पाँच वर्षमा सडक दुर्घटनामा परी १२,६१२ जनाको मृत्यु भएको छ। अघिल्लो आर्थिक वर्ष २०७९–८० मा मात्र ३५,९५४ वटा सडक दुर्घटनाका घटना भएका छन्। सडक दुर्घटनामा ज्यान गुमाउनेको पछिल्लो तथ्याङ्क अनुसार १० वर्षे सशस्त्र द्वन्द्वमा ज्यान गुमाउनेको सङ्ख्याभन्दा सो अवधिमा दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या बढी छ। अर्थात् द्वन्द्वमा दैनिक ज्यान गुमाउनेको दरभन्दा दुर्घटनामा ज्यान गुमाउनेको दर बढी छ।

सडक दुर्घटनाका कारण नेपालमा बर्सेनि औसतमा २,५०० सयभन्दा बढीको ज्यान जाने गरेको भए पनि यस्ता मानवीय त्रुटि कम गर्न सम्बन्धित पक्षले खासै ध्यान नदिएको विज्ञहरूको आरोप छ। सडक सुरक्षामा संवेदनशील नहुँदा हरेक वर्ष दुर्घटनाबाट ठूलो मानवीय क्षति हुँदै आएको छ। नेपालमा सवारी साधनको सङ्ख्याका हिसाबले दुईपाङ्ग्रे सवारी साधन दुर्घटनाको सङ्ख्या धेरै छ, तर मानवीय क्षति धेरै गराउने सवारी साधनमा भने यात्रुवाहक सवारी साधनको सङ्ख्या धेरै रहेको छ। प्रहरीको अध्ययनमा पाँच कारणले सडक दुर्घटना भएको औंल्याइएको छ– चालक, सवारी साधन, सडक पूर्वाधार, यात्रु र मौसम। यसमा पनि चालक र सवारी साधनका कारण भएको दुर्घटना बढी देखिएको छ।

नेपालमा लगभग एक लाख किलोमिटर सडक छ। यस्ता सडकहरू कति सुरक्षित छन् भनेर हेर्ने निकाय नै छैन। सडक विभाग सानो क्षेत्रमा मेरो सडक भनेर बस्ने, प्रदेश र स्थानीय तह आफ्नो क्षेत्रको सडक र त्यसको सुरक्षाबारे आपसी समन्वय र उत्तरदायी नबन्दा दुर्घटना दोहोरिइरहेका छन्। संसारमा सडक दुर्घटनामा सबैभन्दा ठूलो मृत्युको कारण तीव्र गति देखिएको छ। कुल दुर्घटनामा ४० देखि ५० प्रतिशत मृत्यु तीव्र गतिकै कारण भएको छ। नेपालजस्तो मुलुकमा सडक दुर्घटना बढ्नुमा दुईपाङ्ग्रे सवारी साधन धेरै हुनु हो। नेपालमा दर्ता भएका कुल सवारी साधनमा ८० प्रतिशत दुईपाङ्ग्रे छन्। र यसका प्रयोगकर्ता सुरक्षाका मामलामा कमजोर छन्। यसले दुर्घटना निम्त्याइरहेको छ।

क्षमताभन्दा बढी यात्रु, साँघुरो सडक त्यसमाथि जीर्ण अवस्था, अपरिपक्व र अदक्ष चालक, सवारी साधनको नियमन गर्ने निकायको अभाव, सडक सङ्केतको अभाव, यातायात व्यवसायी समितिको सिन्डिकेट आदि पनि दुर्घटनाका कारण मान्न सकिन्छ। बनेका कानून नियमको पूर्ण पालना छैन। कुन मार्गमा कस्ता गाडीहरू चल्न दिने यकीन मापदण्ड छैन। यातायात व्यवसाय समिति, यातायात व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा छ। यात्रुलाई सेवासुविधा दिनेतर्फ सम्बन्धित निकाय र सरकारको ध्यान छैन।

भौगोलिक विकटतासँगै साँघुरा र अव्यवस्थित मार्ग छन्। कच्चीबाटो छ। खोला नदीमा पुल–पुलेसा छैनन्। गाडी हाँकिरहेका बेला मोबाइल फोन चलाउनु, थोत्रा र पुराना गाडी हुनु, यात्रुको चाप अनुसार सवारी साधन नहुनु, अगाडिका गाडी उछिन्न खोज्नु या अगाडि जान खोज्नेलाई ठाउँ नदिनु, क्षमताभन्दा बढता यात्रु र सामग्री राख्नु, सवारी साधनको मरम्मत नगर्नु, तीव्र गतिमा कुदाउनु, मदिरा सेवन गरी चलाउनु, अदक्ष सहयोगी, मालिक, कन्डक्टरले गाडीले चलाउनु, यात्रुहरूले पनि ट्राफिक व्यवस्थाको सम्मान नगर्नु, मनपर्दो बाटो काट्नु, पैसा खुवाएर लाइसेन्स ल्याउनु, पर्याप्त सवारी साधान नभएर बाध्य भएर चढ्नु पनि दुर्घटना बढावाका प्रमुख कारण हुन्।

ट्राफिक प्रहरीले नियम मिच्ने चालकलाई कारबाई पनि गरेको छ तर पनि सडक दुर्घटना बढ्दै गएको देखिन्छ। पछिल्लो समय प्रहरीले ट्राफिक सचेतनाका अभियान बढाएको छ। दुर्घटनालाई पूर्णतया: रोक्न नसकिए पनि क्षति कम गर्न भने सकिन्छ। सरोकारवाला निकायले कुनै पनि दुर्घटना हुनेबित्तिकै छानबीन गरी वास्तविकता सार्वजनिक गर्ने र समस्या समाधानको हल गर्ने प्रयास गर्नुपर्छ। दुर्घटना न्यूनीकरणका उपायबारे नीति बनाई कार्यान्वयन गर्नुपर्छ। ऐन विपरीत सवारी चलाइएको छ कि छैन? दिनहुँ अनुगमन गर्ने व्यवस्था मिलाउनु जरुरी छ। सडकको अनुशासन र गुणस्तरबारे चालक, यातायात व्यवसायी र सहयोगीलाई बुझाउन जरुरी छ। ट्राफिक सचेतना अभियानका कार्यक्रम निरन्तर सञ्चालन गरिनुपर्छ।

सडक दुर्घटना राज्यको समस्या हो। नागरिक दुर्घटनामा पर्दा राज्यलाई दुख्दैन र त्यो जसलाई पर्‍यो, उसैले भोग्ने हो भन्ने अवस्था रहेसम्म सडक दुर्घटना रोकिन्न। तथापि सडक प्रयोगकर्ता, सडकका चालक, यात्रु आफैं पनि सचेत हुन भने जरुरी छ। जनताको जीउधनको सुरक्षा गर्ने जम्मेवारी राज्यको हो, त्यो दायित्वबाट राज्य कुनै पनि बहानामा पन्छिन मिल्दैन। रासस

# 'बस एक्कासि बजारियो, उठेर चिच्याउँदै काखको छोरी खोज्न थालें'

कास्की, ६ चैत/रासस

रुकुम पश्चिमको मुसिकोट नगरपालिका–३ की २८ वर्षीया सरिता ढकाल खड्का पोखराको मणिपाल शिक्षण अस्पतालको आकस्मिक कक्षमा उपचार गराइरहेकी छन्। रुकुमबाट काठमाडौंका लागि छुटेको खड्का चढेको यात्रुवाहक बस सोमवार साँझ बाग्लुङको निसीखोला–६ मा दुर्घटना भएको थियो। सरिताको ढाड र टाउकामा चोट लागेको छ।

सरिता तीन महीनाको छोरी ज्ञानु, ससुरा ६२ वर्षीय हर्कबहादुर केसी र सासू ५५ वर्षीया लीलासहित काठमाडौं जाँदै थिए। घरबाट खाना खाएर सोमवार बिहान ९:३० बजेतिर चारैजना बसमा चढे। मङसिरमा शिक्षक पेशाबाट सेवानिवृत्त सरिताका ससुरा हर्कबहादुरको काठमाडौंमा पेन्सन पट्टाको काम मिलाउनु थियो। सासूले भनेपछि सरिता पनि छोरी लिएर जान तयार भइन्। सरितालाई पेटको समस्या भएकाले यही मेसोमा राजधानीमा राम्रो उपचार गर्ने योजना थियो।

बस मध्यपहाडी राजमार्गमा आफ्नै गतिमा हिँडिरहेको थियो। साँझ पर्दै थियो। रुकुम र बाग्लुङको सीमा पातीहाल्नेमा खाजा खान बस रोक्ने यात्रुहरूको अनुमान विपरीत बस नरोकिइकन अघि बढ्यो। यात्रुहरू आफ्नै तालमा कोही निदाइरहेका थिए भने कोही मोबाइल हेरिरहेका थिए। सरिता पनि छोरीलाई काखमा सुताएर निदाइरहेकी थिइन्। निसीखोलाको जाउलेपानीमा आइपुगेपछि बसका केही यात्रु गाडी गयो, गयो भनेर एक्कासि चिच्याउन थाले।

सरिता पनि झल्यास्स भइन् र काखको छोरीलाई च्याप्प समाइन्। बस एक बल्डङ खाएको सरितालाई याद छ। उनी त्यही अड्किइन्। मणिपाल अस्पतालको आकस्मिक कक्षबाट खड्काले भनिन्, "एक्कासि बस गयो गयो भनेर सबै चिच्याए, मलाई बोल्न आएन, छोरीलाई च्याप्प समाएँ, बस एक्कासि बजारियो, त्यही बेला म बीचमा अड्किएको रहेछु, होशमा आउँदा छोरी काखमा थिइन, बस तल थियो, उठेर छोरी/छोरी भनेर चिच्याएँ।"

काखमा छोरी नदेखेपछि सरिता चिच्याइन्। भान्जाले माथि छन् भनेपछि सरिता सकी नसकी उठेर छोरी भएको ठाउँमा पुगिन्। छोरी रोइरहेकी थिइन्। भान्जाको सहयोगले माथि सडकमा निस्किइन्। बुर्तिबाङमा सामान्य उपचारपछि बाग्लुङ जिल्ला अस्पताल पठाएकामा अहिले सरिता, छोरी, सासू, ससुरासहित पाँचजनाको मणिपालमा उपचार भइरहेको छ। दुर्घटना कसरी भयो भन्ने उनलाई केही जानकारी छैन। बस एक्कासि सडकबाट तल खसेको मात्र उनलाई थाहा छ। पछि घाइतेहरूले बस तीव्र गतिमा भएको बताएको सरिताले बताइन्।


अहिले सरितालाई काठमाडौं जान नहिँडेको भए हुने रहेछ भन्ने लागिरहेको छ। "किन काठमाडौं जान लागें हुँलाजस्तो भइरहेको छ," उनले भने, "ठूलो भाग्यले बाँचियो, जिन्दगीमा यस्तो पनि भोग्नुपर्ने रहेछ।" दुर्घटनामा परेका सरिता र छोरीको अवस्था मध्यम रहेको अस्पतालले जनाएको छ।

उनका ससुरा हर्कबहादुर, सासू लीला र सिन्धुपाल्चोकका देवेन्द्र रिजालको अवस्था गम्भीर रहेको अस्पतालका चिकित्सक डा नवराज बस्ताकोटीले जानकारी दिए। उनका अनुसार मणिपालमा पाँचजनाको उपचार भइरहेकामा गम्भीर घाइतेको मेरुदण्ड र कम्मरको हड्डी भाँचिएको छ। बाग्लुङको निसीखोला बस दुर्घटनामा नौजनाको मृत्यु भएको छ भने घटनामा २८ जना घाइते भएका छन्। घाइतेहरूको पोखरासहित बाग्लुङका विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

## फरक समाचार

# खाली पेट के गर्नुहुँदैन

अधिकांश व्यक्तिलाई बिहान उठ्ने बित्तिकै भोक लाग्छ वा चियाको तलतल लाग्ने गर्छ। कसै–कसैले बिहान उठ्ने बित्तिकै हल्काफुल्का खानेकुरा खान्छन्। धेरैबेरसम्म भोको रहँदा कसैकसैलाई एसिडिटी, पेट दुखाइ, बान्ता, न्यून रक्तचापको



समस्या भएपछि केही खाएर भोक मेटाउँछन्। तर पछि समस्या भोग्नुपर्छ। बिहान खाली पेट विचार गरेर खानुपर्छ।


**खाली पेट अल्कोहल पिउनुहुँदैन:** खाली पेट कहिल्यै रक्सीसेवन गर्नुहुँदैन। यसले पेटलाई हानि पुर्‍याउँछ। एकपटक अल्कोहल ब्लड स्ट्रिममा पुगेपछि यो तीव्र गतिमा शरीरमा फैलिन्छ। यसबाट ब्लग वेसल्स फैलिन्छ। जानकारका अनुसार मान्छेले जति अल्कोहल पिउँछ, त्यसको २० प्रतिशत भाग एक मिनेटमै दिमागमा पुग्छ। यदि पेट भरिएको छ भने अल्कोहललाई ब्लड स्ट्रिममा पस्नबाट रोक्छ।



**खाली पेट किनमेल गर्नुहुँदैन:** खाली पेट किनमेल गर्दा हामी आवश्यकताभन्दा बढी सामान किन्छौं। साथै किनमेल गर्ने क्रममा हामी हाई क्यालोरी भएको खाद्यान्न पनि किन्छौं। यसैले खाली पेट किनमेल गर्नु स्वास्थ्यको लागि मात्र होइन आफ्नो गोजीको लागि पनि हानिकारक हुन्छ।

**खाली पेट रिसाउनुहुन्न:** खाली पेट भएको बेलामा रिसाउँदा नोक्सान हुन्छ। किनभने भोकमा ब्लड सुगरको स्तर खस्किन्छ। तसर्थ रिस उठ्छ भने केही खाजा खानुपर्छ। खाली पेटले रिसलाई बढावा दिन्छ, यसैले सधैं झोलामा केही हल्काफुल्का खानेकुरा राख्नुपर्छ।

**च्युइङ्गम:** खाली पेट च्युइङ्गम चपाउन गाह्रो हुन्छ। किनभने चपाउनु एउटा प्राकृतिक प्रक्रिया हो जस्तै मनुष्यले चपाउन शुरू गर्छ, हाम्रो पेटमा डाइजेस्टिभ एसिड बन्न थाल्छ। यो डाइजेस्टिभ एसिडले खाली पेटमा एसिडिटीदेखि अल्सरसम्मलाई निम्त्याउन सक्छ। तसर्थ केही खाएर मात्र च्युइङ्गम चपाउनुपर्छ।



**चिया कफी पिउनुहुन्न:** धेरैजसोले खाली पेट चिया वा कफी पिउने गर्छन्। यसले गर्दा पेटमा एसिडिटी बढ्छ। कफीमा रहेको कम्पाउन्डले पेटमा हाइड्रोक्लोरिक एसिडलाई बढाउँछ। बिहान शरीरलाई पानीको आवश्यकता पर्छ। त्यति बेला हामीले चिया पिउँदा निर्जलीकरण, ग्यास, एसिडिटीको समस्या बढ्छ।

विज्ञका अनुसार बिहान खाली पेट चिया पिउँदा यसबाट कलेजोबाट निस्किने बाइल जुसले पाचन क्रियामा मदत गर्न सक्दैन, जसले गर्दा बान्ता, चक्कर, छातीमा जलन र पेट दुख्ने समस्या उत्पन्न हुन्छ। त्यसैगरी, हाम्रो मुखमा रातभरि जुन ब्याक्टेरिया जन्मिन्छ, त्यो चियाको माध्यमबाट शरीरमा पुग्छ, जसले गर्दा हाम्रो मेटाबोलिज्म निकै प्रभावित हुन्छ। साथै शरीरमा अन्य समस्या पनि उत्पन्न हुन्छन्।



जानकारका अनुसार खाली पेट चिया सेवन गर्दा हाम्रो पेटको भित्री सतहमा नोक्सान पुग्छ। हाम्रो पेटको भित्री सतहमा समस्या आएमा अल्सर हुन सक्छ। त्यसैगरी, बिहान खाली पेट चियासेवन गर्ने बानीले पछि गएर हाड कमजोर हुन्छ। पहिले शरीरको जोर्नीमा दुखाइ शुरू हुन्छ र त्यसपछि यो दुखाइले हाम्रो हाडलाई कमजोर गर्छ।

हाम्रो शरीरले रातिको समय पानी पाउँदैन किनभने त्यति बेला हामी सुतिरहेका हुन्छौं। यस अवस्थामा हाम्रो शरीर निर्जलीकरण हुन्छ। शरीर निर्जलीकरणको समयमा हामीले कैफिन सेवन गर्दा निर्जलीकरणको समस्या भनै बढ्छ। बिहान खाली पेट चिया पिउँदा शरीरको अल्कालाइन ब्यालेन्समा समस्या हुन्छ। जसले गर्दा शरीरको मेटाबोलिज्मसँग सम्बन्धित रोगहरू उत्पन्न हुन्छन्।

खाली पेट चियासेवन गर्दा दाँतमाथि पनि असर पर्छ। दाँतको इनामेल बिग्रिन्छ र गिजा दुख्ने, सुन्निने समस्या पनि हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# म्यान्मामा हवाई आक्रमणमा २० सर्वसाधारणको मृत्यु

बैंकक, ६ चैत/एएफपी

म्यान्माको रखाइन प्रान्तका ग्रामीण इलाकामा जारी हवाई आक्रमणबाट चिन्तित भएको संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेर्रेसले बताएका छन्। स्थानीयले एएफपीलाई बताए अनुसार सेनाले गरेको हवाई आक्रमणमा कम्तीमा २० जनाको मृत्यु भएको थियो।

म्यान्माको पश्चिमी राखिन राज्यमा गत नोभेम्बरमा अराकान आर्मी (एए) ले सुरक्षा फौजमाथि आक्रमण गरेपछि झडप भएको थियो।

महासचिव गुटेर्रेसले सोमवार जारी गरेको वक्तव्यमा भनिएको छ–"सेनाले मिनब्या बजारमा गरेको हवाई आक्रमणमा कैयौं सर्वसाधारणको मृत्यु भएको र दर्जनौं घाइते भएको खबरले आफूलाई चिन्तित तुल्याएको छ।"

हालका हप्ताहरूमा अराकन लडाकूहरूले मिनब्याको राजधानी सिट्वेको पूर्वमा अवस्थित उक्त बजारमा आक्रमण गरी केन्द्रको बजारसँग सम्पूर्ण सम्पर्क विच्छेद गरिदिएका छन्।

थार डार गाउँमा सोमवार राति १:४५ बजे भएको हवाई आक्रमणमा १० पुरुष, चार महिला र १० बालबालिकाको मृत्यु भएको एक स्थानीयले एएफपीलाई जानकारी दिएका छन्।

"हाम्रो गाउँमा कुनै झडप भएको थिएन। उनीहरूले हामीमाथि सोझै आकाशबाट बम प्रहार गरेका थिए"– सुरक्षाको कारण देखाउँदै नाम उल्लेख नगर्ने शर्तमा उनले बताए।

अर्का स्थानीयले विस्फोटमा परी २३ जनाको मृत्यु भएको र १८ जना घाइते भएका बताए।

सन् २०१७ मा भएको सैन्य कारबाईका कारण रखाइनमा दशौं हजार रोहिङ्ज्या समुदाय भागेर छिमेकी मुलुक बङ्गलादेश पुगेका थिए।

जुन्टा सेनाले सिट्वेलाई आफ्नो नियन्त्रणमा राखेको छ तर हालैका हप्ताहरूमा अराकन लडाकूहरूले वरपरका जिल्लाहरूमा सफलता प्राप्त गरेका छन्। गत महीना पनि बङ्गलादेशमा भएको झडपका क्रममा म्यान्माबाट मोर्टार प्रहार हुँदा कम्तीमा दुईजनाको मृत्यु भएको थियो।

सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएदेखि नै स्वायत्तता र आकर्षक स्रोतसाधनको नियन्त्रणका लागि सेनासँग लडेका म्यान्माका सीमावर्ती क्षेत्रका थुप्रै सशस्त्र जातीय अल्पसङ्ख्यक समूहमध्ये अराकन आर्मी पनि एक हो। रासस

# आँधीका कारण ७०० जना अलपत्र

सिडनी, ६ चैत/एएफपी

अस्ट्रेलियाको सुदूर उत्तरी क्षेत्रमा मङ्गलवार आएको उष्णकटिबन्धीय चक्रवातका कारण करीब ७०० जना व्यक्ति अलपत्र परेका छन्।

अस्ट्रेलियाली प्रतिरक्षा बलले बोरोलोलाको सानो उत्तरी क्षेत्र समुदायका बासिन्दालाई बाहिर निकाल्ने प्रयास गरेको तर सोमवार विमान अवतरण गर्ने प्रयासमा खराब मौसमका कारण बाधा पुगेको थियो।

सोमवार दिउँसो आएको हावाहुरीका कारण स्थानीय बासिन्दालाई समुदायमा आश्रय लिन आग्रह गरिएको छ।

जोखिमका हिसाबले तेस्रो तहको आँधीका रूपमा वर्गीकरण गरिएको यो मौसमी विपत्तिका कारण उक्त क्षेत्रमा १७० देखि २०० किलोमिटर प्रतिघण्टाको रफ्तारमा हावाहुरी चलेको मौसम विज्ञान विभागले जनाएको छ।

विपद् व्यवस्थापन मामिलामन्त्री मुरे वाटले भने–"खराब मौसमले गर्दा सोमवार प्रभावित क्षेत्रबाट नागरिक विस्थापित गर्ने काममा कठिनाई भएको थियो। थप जनशक्ति तैनाथ गरी प्रभावित क्षेत्रमा आज उद्धारकार्य जारी राखिने छ।" रासस

# हस्तक्षेप गर्ने अधिकार अमेरिकालाई नभएको

नैरोबी, ६ चैत एएफपी

साउथ चाइना सीमा हस्तक्षेप गर्ने अधिकार अमेरिकालाई नभएको चीनले मङ्गलवार बताएको छ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले विवादित जलमार्गमा भएको सशस्त्र आक्रमणविरुद्ध फिलिपिन्सको रक्षा गर्ने आफ्नो प्रतिबद्धतामा वाशिङ्टन अडिग रहेको बताएपछि चीनको उक्त भनाइ आएको हो।

"संयुक्त राज्य अमेरिका 'साउथ चाइना सी'को मुद्दाको पक्ष राष्ट्र होइन र चीन र फिलिपिन्सबीचको सामुद्रिक मामिलामा हस्तक्षेप गर्ने कुनै अधिकार छैन," चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा भने।

सन् २०२२ मा राष्ट्रपति फर्डिनान्ड मार्कोसले कार्यभार सम्हालेपछि दोस्रोपटक फिलिपिन्सको राजधानी मनिला पुगेका ब्लिन्केनले मित्रराष्ट्रका लागि चीनविरुद्धको अमेरिकी समर्थनलाई मजबूत बनाउन संक्षिप्त एशिया भ्रमण गरेका हुन्।

ब्लिन्केनको टिप्पणीबारे सोधिएको प्रश्नको जवाफमा लिनले भने, "अमेरिका र फिलिपिन्सबीचको सैन्य सहकार्यले 'साउथ चाइना सी'मा चीनको सार्वभौमिकता, सामुद्रिक अधिकार र हितलाई हानि पुऱ्याउनुहुँदैन र फिलिपिन्सको अवैध दाबीका लागि प्लेटफर्म प्रदान गर्न अझै कम अवसर प्रयोग गर्नुपर्छ।"

"चीनले आफ्नो क्षेत्रीय सम्प्रभुता र सामुद्रिक अधिकार र हितको दृढतापूर्वक रक्षा गर्न र 'साउथ चाइना सी'मा शान्ति र स्थिरता कायम गर्न आवश्यक कदम चालिरहनेछ," उनले भने।

बेइजिङले फिलिपिन्सलगायत दक्षिणपूर्वी एशियाका धेरै राष्ट्रको प्रतिस्पर्धात्मक दाबीलाई बेवास्ता गर्दै विश्व व्यापारका लागि महत्त्वपूर्ण मार्गका रूपमा रहेको 'साउथ चाइना सी'को करीब सम्पूर्ण भूभागमाथि दाबी गर्दै आएको छ। रासस

# ११ जना विद्यार्थीको मृत्यु

नैरोबी, ६ चैत/एएफपी

केन्याली विश्वविद्यालयका विद्यार्थी चढेको एउटा बस भारी वर्षाका कारण चिप्लिएर व्यस्त राजमार्गमा ट्रकसँग ठोक्किंदा कम्तीमा ११ जनाको मृत्यु हुनुका साथै ४२ जना गम्भीर घाइते भएका प्रहरीले जनाएको छ।

केन्याको राजधानी नैरोबीबाट ३६० किलोमिटर टाढा रहेको माउन्गुमा स्थानीय समय अनुसार सोमवार साँझ ५:५० बजे केन्याटा युनिभर्सिटीका विद्यार्थीहरू तटीय शहर मोम्बासातर्फ जाँदै गर्दा दुर्घटना भएको थियो।

दुर्घटनामा १० जनाको घटनास्थलमा नै मृत्यु भएको र एकजनाको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीले दिएको विवरणमा भनिएको छ, "भारी वर्षा भइरहेको बेला विश्वविद्यालयको बसका चालकले अन्य सवारीसाधनलाई उछिंदा ५८ जना सवार बस सडकको दाहिनेतिर चिप्लिएको र ट्रकसँग ठोक्किएको थियो।"

केन्याली रेडक्रसले घाइतेहरूलाई नजीकैको भोइ शहरको एक अस्पतालमा लगिएको जनाएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – अलमल | कन्या – रोगभय |
| तुला – यात्रालाभ | वृश्चिक – कडाश्रम |
| धनु – सुसमाचार | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## माइग्रेशन हराएको सूचना

पूर्वाञ्चल युनिभर्सिटी, विराटनगर, नेपालद्वारा प्राप्त BCA (Bachelor of Computer Application)को माइग्रेशन सर्टिफिकेट मिति २०८० फागुन ५ गते मोटरसाइकलमा गाउँबाट वीरगंज आउने क्रममा बाटोमा हराएको हुँदा पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा मोनं ९८६५१२०१३२, ९८५५०६१७६० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**नाम: प्रेमशिला चौधरी**
कलेज: नेशनल इन्फोटेक कलेज, वीरगंज
रजिस्ट्रेशन नं.: ०७४–३–२–०२३०३–२०१०
सिरियल नं.: २६५३/२०१५
जारी मिति: २८ अगस्त २०१५
ठेगाना: जीराभवानी गापा–५

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# मधेस प्रदेशमा एसइई परीक्षामा ८१ हजार सात सय ६८ परीक्षार्थी सहभागी हुँदै

धनुषा, ६ चैत/ रासस

मधेस प्रदेशबाट यसपटकको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा धनुषाबाट सबैभन्दा बढी परीक्षार्थी सहभागी हुँदैछन्। यही चैत १५ गतेदेखि शुरू हुने एसइईमा मधेस प्रदेशबाट कुल ८१ हजार ७६८ परीक्षार्थी सहभागी हुने शिक्षा विकास निर्देशनालय जनकपुरले जनाएको छ।

परीक्षामा मधेस प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा बढी विद्यार्थी धनुषाबाट र सबैभन्दा कम सङ्ख्या सप्तरीबाट रहेका छन्। धनुषाबाट ४८९ जना प्राविधिकतर्फका गरी १२ हजार २१४, सिराहाबाट १० हजार ९२३, महोत्तरीबाट नौ हजार ४३१, सर्लाहीबाट १० हजार ८९६, रौतहटबाट नौ हजार ४६९, बाराबाट नौ हजार ४४४, पर्साबाट १० हजार ६८ र सप्तरीबाट नौ हजार ३२३ परीक्षार्थी सहभागी हुने शिक्षा विकास निर्देशनालयले जनाएको छ।

शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक दिलीपकुमार ठाकुरले परीक्षाका लागि आवश्यक तयारी द्रुत गतिमा भइरहेको बताए। निर्देशक ठाकुरले आठ जिल्लामा गरी २९५ परीक्षा केन्द्र निर्धारण गरिएका छन् भने २९५ केन्द्राध्यक्ष, ५३० सहायक केन्द्राध्यक्ष, चार हजार ९२ निरीक्षक, ८०७ परीक्षा सहायक, एक हजार ६३९ जना कार्यालय सहयोगी गरी जम्मा सात हजार ६५८ जना कर्मचारी खटाइने बताए।

आवश्यक तयारी करीब पूरा भएको बताउँदै निर्देशक ठाकुरले मधेस प्रदेशका सबै जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयमा उत्तरपुस्तिका र प्रश्नपत्र जिल्लास्थित जिल्ला प्रहरी कार्यालयमा पठाइसकेको जानकारी दिए। उनले यस प्रदेशमा एसइई परीक्षालाई मर्यादित, अनुशासित र व्यवस्थितरूपमा सम्पन्न गराउन आठवटा जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला परीक्षा समन्वय समितिले निरीक्षण तथा अनुगमन गर्ने बताए।

त्यसैगरी, मधेस प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालीम केन्द्रलगायत निकायलाई समेटेर प्रदेशस्तरीय अनुगमन टोली बनाएर अनुगमन गरिने निर्देशक ठाकुरले जानकारी दिए।

# मिटरब्याजीको रु ११ करोड १५ लाख बढीको मिलापत्र गराइया

जलेश्वर (महोत्तरी), ६ चैत/रासस

महोत्तरीमा परेको मिटरब्याजीसम्बन्धी निवेदनउपर कारबाई गरी रु ११ करोड १५ लाख बढीको मिलापत्र गराइएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले दिएको जानकारी अनुसार महोत्तरीका विभिन्न ठाउँबाट आएको अनुचित लेनदेन (मिटरब्याजी)सम्बन्धी विवादमा रु ११ करोड १५ लाख ३८ हजार ४९२ को मिलापत्र गराइएको हो।

उनका अनुसार जिल्लामा कुल दुई हजार ८३० मिटर ब्याजसम्बन्धी निवेदन आएकामा ऋणी र धनी दुवै पक्षलाई बोलाएर एक हजार ३३९ निवेदनउपर छलफल गराइ ७५९ निवेदनमा मिलापत्र गराउन सफल भएर सो रकम बराबरको मिलापत्र गराइएको हो।

त्यसैगरी, ऋणीबाट साहुद्वारा लिइसकिएको २० बिघा १३ धुर जग्गा पनि तिनै छलफलमार्फत फिर्ता गराउनसमेत सफल भएको प्रनाउ गिरीले बताए। अहिले जिल्ला प्रहरी कार्यालयमा मिटरब्याजीसम्बन्धी निवेदनउपर दैनिकजसो निरन्तर छलफल, सुनुवाइ र कारबाई प्रक्रिया तीव्र गतिले अगाडि बढाइएको छ। निवेदनहरूमा मिलापत्र गर्ने/गराउने सङ्ख्यामा दिनानुदिन वृद्धि भइरहेको छ।

पछिल्लो एक महीना (फागुनभरि)मा मात्रै जिल्ला प्रहरी कार्यालयले १८६ निवेदनउपर छलफल गराउँदा १५५ निवेदनमा मिलापत्र गराउन सफल भएको हो।

ती निवेदनबाट रु चार करोड ९० लाख ११ हजार ३३४ को मिलापत्र र सात बिघा १३ धुर जमीन फिर्ता गराइएको हो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
फोन नं ०५१–५२३२५६

## वीरगंज नगर विकास समिति

वीरगंज, पर्सा

### शपिङ कम्प्लेक्स भवन तथा कोठाहरू भाडामा दिनको लागि बोलपत्र आह्वानसम्बन्धी सूचना !

पहिलोपटक प्रकाशित मिति: २०८०/१२/०७ गते बुधवार

यस समितिको वीरगंज घण्टाघर लिङ्क सडकस्थित शपिङ कम्प्लेक्स भवनको सम्पूर्ण कोठा तथा भवन वा छुट्टाछुट्टै कोठा तथा भवन भाडामा लगाउनुपर्ने हुँदा तपसिलमा लेखिए बमोजिमका शर्तहरूको अधीनमा रही इच्छुक नेपाली व्यक्ति वा संस्थाहरूको लागि बोलपत्र आह्वान गरिएको छ। **भाडामा लगाउने भवनसम्बन्धी विवरण**

| क्रसं/आव | शपिङ कम्प्लेक्स भवन/कोठा | मासिक न्यूनतम भाडादर | भाडा सम्झौता अवधि | बोलपत्र दस्तुर (पछि फिर्ता नहुनेगरी) |
|---|---|---|---|---|
| १/२०८०/८१ | पसल कोठा नं १ | २२,०००/– (बाइस हजार) | २ (दुई) वर्ष | १०००/– |
| २/२०८०/८१ | पसल कोठा नं २ | १६,५००/– (सोऱ्ह हजार पाँच सय) | २ (दुई) वर्ष | १०००/– |
| ३/२०८०/८१ | पसल कोठा नं ३ | १६,५००/– (सोऱ्ह हजार पाँच सय) | २ (दुई) वर्ष | १०००/– |
| ४/२०८०/८१ | पसल कोठा नं ४ | २२,०००/– (बाइस हजार) | २ (दुई) वर्ष | १०००/– |
| ५/२०८०/८१ | पसल कोठा नं ५ | ११,०००/– (एघार हजार) | २ (दुई) वर्ष | १०००/– |
| ६/२०८०/८१ | पसल कोठा नं ६ | ११,०००/– (एघार हजार) | २ (दुई) वर्ष | १०००/– |
| ७/२०८०/८१ | पसल कोठा नं ७ | ११,०००/– (एघार हजार) | २ (दुई) वर्ष | १०००/– |
| ८/२०८०/८१ | पसल कोठा नं ८ | १३,०००/– (तेऱ्ह हजार) | २ (दुई) वर्ष | १०००/– |
| ९/२०८०/८१ | पसल कोठा नं ९ | १३,०००/– (तेऱ्ह हजार) | २ (दुई) वर्ष | १०००/– |
| १०/२०८०/८१ | दोस्रो तला | ६०,०००/– (साठी हजार) | २ (दुई) वर्ष | १०००/– |

**शर्तहरू**

१) बोलपत्र फाराम तपसिलमा उल्लिखित दस्तुर बुझाएको नगदी रसिदको साथ यो सूचना स्थानीय पत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयसम्म यस समितिको कार्यालयबाट दस्तुर रु १,०००।– एक हजार (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सक्नेछ।

२) बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस समिति कार्यालयमा बोलपत्र दर्ता गराउन सक्नेछ। उल्लिखित समयभित्र दर्ता हुन आएका बोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरूको रोहबरमा समितिको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

३) बोलपत्र साथ आफूले कबुल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको वीरगंजस्थित कृषि विकास बैंक, वीरगंजमा रहेको खाता नं.०५०७४००२९९८६००१९ मा जम्मा गरेको सक्कलै भौचरको सक्कल प्रति संलग्न राख्नुपर्नेछ।

४) बोलपत्रमा आफूले कबोल गरेको अङ्क र अक्षर दुवै स्पष्टरूपले उल्लेख गर्नुपर्नेछ। केरमेट भई अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५) बोलपत्र दाखिला गर्दा खाममा राखी सिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र लिन चाहेको भवन, कोठा स्पष्टरूपमा खुलाउनुपर्नेछ।

६) बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय क्रमश: कायम हुनेछ।

७) बोलपत्र साथ नागरिकता प्रमाणपत्र, भवन तथा पसल कोठा कुन प्रयोजनको लागि लिने हो सो बेहोरा स्पष्ट उल्लेख गरी पान नम्बरसहितको तत्सम्बन्धी कागजपत्रहरूको प्रतिलिपि पेश गर्नुपर्नेछ।

८) प्रत्येक कोठा तथा प्रथम र दोस्रो तला भवनको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरीद गर्नुपर्नेछ।

९) यो बोलपत्रमा उल्लेख भएका कुराहरूको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून तथा समितिको निर्णय अनुसार भई जानेछ।

१०) बोलपत्र स्वीकृत भएपछि (आठ किस्ता बमोजिम) प्रथम किस्ता नगद जम्मा गरी बाँकी रकमको कम्तीमा १ (एक) वर्ष म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

११) बोलपत्रसम्बन्धी कुनै विवाद भएमा वीरगंज नगर विकास समिति कार्यालयको बैठकले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१२) अन्य कुनै आवश्यक कुरा बुझ्नुपरेमा समितिको कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

**नोट:–साबिक पसल कवलवालाहरूको हकमा उक्त भवन कोठा भाडामा लिनको लागि बोलपत्र भर्न चाहेमा समितिलाई तिर्न बुझाउनुपर्ने सम्पूर्ण भाडा तथा कर रकम बाँकी बक्यौता चुक्ता गरेकोले मात्र बोलपत्र प्रस्तुत गर्न पाउने जानकारीको यसै सूचनाद्वारा सूचित गरिन्छ।**

**सदस्यसचिव**

# कक्षा ८ को परीक्षा एकीकृत प्रणालीमार्फत

प्रस, वीरगंज, ६ चैत/

वीरगंज महानगरपालिकाले यस वर्षदेखि एकीकृत परीक्षा प्रणालीमार्फत आधारभूत तह कक्षा ८ को परीक्षा लिने भएको छ।



यही चैत १५ गतेदेखि शुरू हुन गइरहेको कक्षा ८ को महानगरस्तरीय परीक्षाका लागि महानगरको परीक्षा समितिले ११ वटा परीक्षा केन्द्र तोकेको छ। जसमा छवटा सामुदायिक विद्यालय र पाँचवटा संस्थागत विद्यालयमा परीक्षा केन्द्र निर्धारण गरिएको महानगरका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले बताए।

सामुदायिक विद्यालयतर्फ त्रिजुद्ध, नृसिंह, श्रीपुर, शारदा, माईस्थान विद्यापीठ र नेरामावि सोलखपुरमा परीक्षा केन्द्र निर्धारण गरिएको र संस्थागत विद्यालयतर्फ सनलाइट, मिनील्यान्ड, कादम्बरी, जिएचपी र ओम नेशनललाई परीक्षा केन्द्र निर्धारण गरिएको प्रमुख कर्णले बताए।

यस वर्ष कक्षा ८ को महानगरस्तरीय वार्षिक परीक्षामा ३६ वटा सामुदायिक विद्यालयका तीन हजार १४१ र ८२ वटा संस्थागत विद्यालयका दुई हजार ५२१ गरी कुल पाँच हजार ६५७ जना विद्यार्थीले सहभागी हुने उनले बताएका छन्।

परीक्षालाई निष्पक्ष, शान्तिपूर्णरूपमा सम्पन्न गराउन मङ्गलवार महानगरको परीक्षा समितिले ११ वटै केन्द्रमा केन्द्राध्यक्ष नियुक्त गर्नुका साथै कामकर्तव्यबारेमा जानकारी गराएको छ। परीक्षा सकिएपछि परीक्षा केन्द्रमैं उत्तरपुस्तिका जाँच गरी नतीजा तयार पार्ने र चैत २८ गते सार्वजनिक गरिने प्रमुख कर्णले जानकारी दिए।

आधारभूत तहबाटै अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन र शैक्षिक गुणस्तर उकास्ने उद्देश्यले महानगरमा पहिलोपटक एकीकृत परीक्षा प्रणालीबाट आधारभूत तहको वार्षिक परीक्षा लिन लागेको प्रमुख कर्णले बताए। उनले विगतमा अध्ययनरत विद्यालयमा परीक्षा लिने, उत्तरपुस्तिका जाँच गर्ने कार्य गरिंदा शिक्षकहरूबाट चलखेल हुने गरेकामा यस्तो कार्य हुन नदिन यसपालिदेखि महानगरले एकीकृत माध्यमबाट परीक्षा लिन लागेको बताए।

उनले एकीकृत परीक्षा प्रणाली शुरू भएसँगै अध्ययन–अध्यापन सम्बन्धित विद्यालयले गर्ने र त्यसको मूल्याङ्कन तेस्रो पक्षबाट गरिने व्यवस्था मिलाएको बताए। विद्यार्थीको सिकाइ मापन तेस्रो पक्षले गर्दा निष्पक्ष र यथार्थपरक हुने विश्वासका साथ महानगरले यस वर्षदेखि एकीकृत परीक्षा प्रणाली शुरू गरेको उनले प्रस्टचाए।

नवनियुक्त केन्द्राध्यक्षहरूलाई नगरप्रमुख राजेशमान सिंहले नियुक्तिपत्र प्रदान गर्दै आधारभूत तहको अन्तिम परीक्षा निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न गराउन निर्देशन दिएका थिए।

## ब्युटी पार्लर तालीम

प्रस, वीरगंज, ६ चैत/

वीरगंज महानगरपालिका–६ वडासमितिको आयोजनामा मङ्गलवारदेखि महिलाहरूलाई ३० दिने ब्युटी पार्लर तालीम शुरू भएको छ।



वडा कार्यालयको सहयोगमा फेसियल हाउस ब्युटी पार्लर एन्ड टेड्रिङ सेन्टरले वडाका महिलाहरूलाई तालीम आयोजना गरेको वडा सचिव गङ्गा पौडेलले बताइन्। वडाध्यक्ष जयप्रकाश शाहले तालीमको उद्घाटन गर्दै महिलाहरूलाई रोजगार प्रदान गर्ने उद्देश्यले तालीम आयोजना गरिएको बताए। तालीमविनाको रोजगार जोखिमपूर्ण हुने बताउँदै सीप सिकेर मात्र काम गर्न आग्रह गरे। कार्यक्रममा पवन शर्मा, राजु खड्गी, कलावती साह, पिङ्की साह, सिमरन खड्गी, सोनी श्रेष्ठ, पूजा गुप्तालगायतको सहभागिता थियो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व कार्यालय सिमरा

(कर परीक्षण तथा अनुसन्धान शाखा)

### कर निर्धारणसम्बन्धी अत्यन्त जरूरी सूचना

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका देहाय बमोजिमका करदाताहरूको नक्कली तथा झूटा बिलबीजक खरीद/बिक्री कारोबारमा आयकर ऐन, २०५८ (सं.स.) को दफा १०१ (६) तथा मू.अ.कर ऐन, २०५२ (सं.स.)को दफा २० (५)बमोजिम संशोधित कर निर्धारण गरिएको पत्र तपाईंको यस कार्यालयमा उपलब्ध भएको ठेगानामा हुलाकबाट रजिस्ट्री गरी पठाइसकिएको छ। कथंकदाचित पत्र प्राप्त नभएको भए यसै सार्वजनिक सूचनालाई आधार मानी कर निर्धारणको कामकारबाही अगाडि बढाउनका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयमा उपस्थित भई सो पत्रबमोजिम कर निर्धारण गर्नु नपर्ने कुनै आधार प्रमाण भए पेश गर्नुहोला। अन्यथा आयकर ऐन, २०५८ (सं.स.), मू.अ.कर ऐन, २०५२ (सं.स.) बमोजिम अन्तिम कर निर्धारण हुने बेहोरा जानकारी गराइन्छ।

| क्रसं | स्थायी लेखा नं | करदाताको नाम | ठेगाना | प्रो/सं/सा को नाम | कर निर्धारण भएको आव |
|---|---|---|---|---|---|
| १ | ३०००२१५२९ | तराई पेट्रोलियम प्रा.लि. | लिपनीमाल, परवानीपुर, बारा | रतनप्रसाद रौनियार | २०७२/७३ |
| २ | ३०४८४०८०१ | लक्ष्मी जेनेरल सप्लायर्स | गौर–१, रौतहट | शिववती कोइरिन | २०७२/७३ |
| ३ | ३०५६१५६७९ | ॐ स्क्रेप स्टोर | पथलैया, जीतपुरसिमरा–१, बारा | राजल महतो | २०७१/७२ |
| ४ | ६०५६८६६६९ | ड्रिमल्यान्ड कन्स्ट्रक्सन | गौर–४, रौतहट | इन्द्रबहादुर तामाङ | २०७४/७५ |

## वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरू

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्तालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौः**

- आफूखुशी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट वञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं।
- कुनै समस्या परे नजीकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**तत्कालीन ...**

प्राविधिकबाट तयार गरिएको नापी किताब र कार्यसम्पादन प्रतिवेदनमा रु १४ लाख ३५ हजार ९०० सय बराबरको रकम खर्च भएको देखिए पनि उनले रु दुई लाख ३५ हजार ८९५ बढी भुक्तानी गरेको अखितयारले दाबी गरेको छ। अदुअआका प्रवक्ता नरहरि घिमिरेले विद्यालयका तत्कालीन प्रधानाध्यापक महमद समिम अख्तरले रु १३ लाख ५३ हजार ५० खर्च देखाउनुपर्नेमा तीन लाख तीन हजार ७९७ रुपैयाँ ३७ पैसा बढी खर्च लेखेको बताए।

अदुअआले इन्जिनीयर सौरभविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र ८६ हजार ६४७ रुपैयाँ ६३ पैसा बिगो जरिवानाको मागदाबी गरेको छ। तत्कालीन प्रशासकीय अधिकृत गुप्ताविरुद्ध सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम रु दुई लाख ३५ हजार ८९५ बिगो जरिवानाको मागदाबी गरेको छ भने तत्कालीन प्रअ अख्तरविरुद्ध कैद सजाय र तीन लाख तीन हजार ७९७ रुपैयाँ ३७ पैसाको बिगो जरिवाना माग गरेको छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

# खेलकूदको संसार

## तेस्रो परवानीपुर गोल्डकपः बागमती सेमिफाइनलमा

प्रस, परवानीपुर, ६ चैत/

तेस्रो परवानीपुर गोल्डकप फूटबल प्रतियोगिताको मङ्गलवार भएको खेलमा बागमती फूटबल क्लब सर्लाही विजयी भएर सेमिफाइनलमा प्रवेश गरेको छ।



शक्ति युवा क्लबको आयोजनामा जारी खेलमा हनामी भरतपुर फूटबल क्लब चितवनलाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै बागमती फूटबल क्लब सर्लाही सेमिफाइनमा प्रवेश गरेको छ।

परवानीपुर खेलमैदानमा आज भएको खेलमा सर्लाहीका कपिल मगरले पहिलो र सुदीप मगरले दोस्रो गोल गरेका थिए।

आजको खेलमा बागमती फूटबल क्लब सर्लाहीका कपिल मगरले 'म्यान अफ दी म्याच' घोषित भए। उनलाई परवानीपुर गापा–३ लिपनीमालका राजेश सर्राफले नगद २१ सयसहित शिल्ड प्रदान गरेका थिए।

बुधवार पहिलो सेमिफाइनलमा वीरगंज युनाइटेड क्लब र वीरगंज युथ एकेडेमी र पर्सि बिहीवार दोस्रो सेमिफाइनल हेटौंडा फूटबल एकेडेमी मकवानपुर र बागमती फूटबल क्लब सर्लाही प्रेस संयोजक तिवारी यादवले बताए।

## जीतपुरसिमरा क्रिकेटः मकवानपुर विजयी

प्रस, वीरगंज, ६ चैत/

जीतपुरसिमरा क्रिकेट कप प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको खेलमा मकवानपुर क्रिकेट सङ्घले समूह 'बी'को पहिलो खेलमा जनकपुर पिस फाउन्डेशनलाई पराजित गरेको छ।

टस जितेर ब्याटिङ रोजेको मकवानपुरले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै १८१ रन जोडेको थियो। मकवानपुरका कंसकारले ५५ बलमा १११ रन जोडेका थिए। कप्तान सुमन सुनारले अविजित २४, गौरव खड्का र आस्तिक दाहालले १८/१८ रन बनाए।




जनकपुरका धवन सहनी, साइमोन रोय, अभिजीत मण्डलले एक/एक विकेट लिए। मकवानपुरले दिएको १८२ रनको लक्ष्य पूरा गर्ने क्रममा जनकपुर १५१ रनमा सीमित भयो। मकवानपुरका कंसकार 'प्लेयर अफ दी म्याच' घोषित भए। उनलाई नेकपा एमालेका मधेस प्रदेश सचिव मनोज पौडेलले पुरस्कृत गरेका थिए।

प्रतियोगिता अन्तर्गत समूह 'बी'को दोस्रो खेल भोलि बुधवार जनकपुर र खुकुरी क्रिकेट क्लब भैरहवाबीच हुनेछ।

## चैनपुर प्रिमियर लिगः चैनपुर इगल विजयी

दिनेशकुमार मिश्र, वीरगंज, ६ चैत/

चैनपुर परिवारको आयोजना र परवानीपुर गाउँपालिकाको सहयोगमा जारी प्रथम चैनपुर प्रिमियर लिग क्रिकेट प्रतियोगिता अन्तर्गत मङ्गलवार सम्पन्न अन्तिम क्वाटरफाइनल खेलमा चैनपुर इगल विजयी भएर सेमिफाइनलमा प्रवेश पाएको छ।




चैनपुर क्यापिटललाई दुई विकेटअन्तरले पराजित गर्दै चैनपुर इगल विजयी भएको हो। चैनपुर इगलले टस जितेर क्यापिटललाई ब्याटिङको निम्तो दिएको थियो। क्यापिटलले १४.३ ओभरमा सबै विकेट गुमाएर १२३ रन बनाएको थियो। १२४ रनको लक्ष्यलाई चैनपुर इगलले १५.४ ओभरमा आठ विकेटको नोक्सानीमा पूरा गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। चैनपुर इगलका रवि पटेल 'म्यान अफ दी म्याच' घोषित भए।

भोलि बुधवारदेखि सेमिफाइनल शुरू हुने र पहिलो सेमिफाइनल खेलमा चैनपुर क्यापिटल र रोयल च्यालेन्जर्स भिड्ने आयोजक टीमका अध्यक्ष प्रदीप महतोले बताए।

## हाम्रो फुटसलद्वारा फुटसल प्रतियोगिता

प्रस, वीरगंज, ६ चैत/

वीरगंज महागनरपालिका–५ स्थित हाम्रो फुटसलको आयोजनामा मङ्गलवार मेरीगोल्ड फुटसल प्रतियोगिता–२०८० अन्तर्गत छवटा खेल सम्पन्न भए।



पहिलो खेलमा नेशनल मेडिकल कलेजले वीरगंज पब्लिक कलेजलाई ७–५ गोलअन्तरले पराजित गऱ्यो। यस खेलको 'म्यान अफ दी म्याच' नेशनलका किस्मत कोइराला घोषित भए।

दोस्रो खेलमा ठाकुर राम बहुमुखी क्याम्पसले ग्लोबल बिजनेश कलेजलाई १८–१ गोलअन्तरले पराजित गऱ्यो। यस खेलमा ठाराबका देवनारायण चौधरी 'म्यान अफ दी म्याच' घोषित भए।

तेस्रो खेल मेरीगोल्ड र पिसजोन एकेडेमीबीच भएको ४/४ गोलले बराबरी भयो। यस खेलमा पिसजोनका मोहन चौधरी 'म्यान अफ दी म्याच' घोषित भए।

चौथो खेलमा वीरगंज पब्लिक कलेजले ग्लोबल बिजनेश कलेजलाई ३१–१ गोलअन्तरले पराजित गऱ्यो। यस खेलमा बिपिसीका आरभ चौरसिया 'म्यान अफ दी म्याच' भए।

पाँचौं खेलमा ठाराब क्याम्पसले नेशनल मेडिकल कलेजलाई ५–४ गोलअन्तरले पराजित गऱ्यो। यस खेलमा ठाराबका इमाम हुसैन अन्सारी 'म्यान अफ दी म्याच' घोषित भए।

छैटौं खेलमा वीरगंज पब्लिक कलेजले नेशनल मेडिकल कलेजलाई ३–२ गोलअन्तरले पराजित गऱ्यो। यस खेलमा बिपिसीका आशिष ताम्राकार 'म्यान अफ दी म्याच' घोषित भए।